## मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ५९ ★ ने. सं. ११४६ चौला थ्व, पञ्चमी ★ सोमबार ★ ९ चैत, २०८२ ★ March 23, 2026, Monday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

## सी चिनफिङद्वारा दसौं सेलाक शिखर सम्मेलनलाई बधाई सन्देश




पेइचिङ, २१ मार्च (सीआरआई) । ल्याटिन अमेरिका र क्यारेबियन मुलुक समुदाय (सेलाक) को दसौं शिखर सम्मेलन वर्तमान अध्यक्ष मुलुक कोलम्बियामा आयोजना गरिएको छ । चीनका राष्ट्राध्यक्ष सी चिनफिङले सो शिखर सम्मेलनलाई बधाई सन्देश पठाउनुभएको छ ।

आफ्नो सन्देशमा राष्ट्राध्यक्ष सीले बितेको १ वर्षयता चीन, ल्याटिन अमेरिका र क्यारेबियन मुलुक समुदाय दुवै पक्षले घनिष्ट सहकार्य चलाउँदै पाँच किसिमका परियोजनालाई व्यवहारमा उतारेर दुवै पक्षका जनताको लागि वास्तविक हितकल्याणको सिर्जना गर्दै आएको बताउनुभयो ।

ल्याटिन अमेरिका र क्यारेबियन मुलुक समुदायसँगसँगै अन्तर्राष्ट्रिय न्याय र निष्पक्षताको संरक्षण गरी संयुक्त रूपमा चीन–ल्याटिन अमेरिका र क्यारेबियन मुलुक एकरूपताको नयाँ अध्याय कोर्दै जान चीन इच्छुक रहेको कुरामा पनि उहाँले जोड दिनुभयो ।

कोलम्बियाको राजधानी बोगाटामा सम्पन्न दसौं सेलाक सम्मेलनले आउने एक वर्षका लागि युरुग्वेलाई अध्यक्षता हस्तान्तरण गर्दै सम्पन्न भएको छ ।

सम्मेलनमा कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रो, ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भा, युरुग्वेका राष्ट्रपति यामान्डु ओर्सी, क्युवाली विदेशमन्त्री ब्रुनो रोड्रिगेज पेरिल्ला, अफ्रिकी देश घानाका विदेशमन्त्री सामुयल ओकुजेटोलगायतले सम्बोधन गर्नुभएको थियो ।

## ख्वप कलेजमा क्यूएएको निम्ति समकक्षी परीक्षण टोलीद्वारा कार्य शुभारम्भ




भक्तपुर, ८ चैत । देशभित्र सञ्चालित उच्च शिक्षण संस्थाहरू गुणस्तरका न्यूनतम मापदण्ड पूरा गरी सञ्चालित छन् भन्ने सुनिश्चितता प्रयोजनार्थ विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरले संस्थागत प्रत्यायन प्रणाली (क्यूएए) लागू गरेको छ । कलेजले संस्थागत प्रत्यायन प्राप्त गर्नका लागि विश्वविद्यालय अनुदान आयोगले पूरा गर्नुपर्ने प्रक्रियाहरू निर्धारण गरेको छ । शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्रको लागि ख्वप कलेजले २०७९ पुस महिनामा दिएको निवेदनअनुसार कार्य अगाडि बढिरहेको र यसै सिलसिलामा विश्वविद्यालय अनुदान आयोगबाट गठन गरिएको समकक्षी परीक्षण टोलीले आइतबार ख्वप कलेजको कार्य शुभारम्भ गरेको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भएको उक्त शुभारम्भ कार्यक्रममा उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू देशकै परिचित संस्थाको रूपमा अगाडि बढिरहेकोमा खुसी व्यक्त गर्नुभयो ।

समाज परिवर्तनको मुख्य आधार शिक्षा भएकोले शिक्षाको महत्त्वलाई ध्यानमा राखी भनपाले ७ वटा कलेजहरू सञ्चालन गरी कम शुल्कमा गुणस्तरीय शिक्षा दिइरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "स्थानीय तहले नै व्यवस्थितरूपमा कलेजहरू सञ्चालन गर्न सक्छन् भन्ने उदाहरण ख्वप कलेजहरू हुन्; समाजलाई सुसंस्कृत बनाई सम्पूर्ण जनतालाई नै बुद्धिजीवी बनाउने उद्देश्यका साथ ख्वप कलेजहरू सञ्चालन भइरहेका छन् ।"

"कलेज सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार भक्तपुर नगरपालिकाले तयार गरिदिने र सञ्चालन खर्च कलेज आफैले व्यवस्था गर्ने गरी ख्वप कलेजहरू सञ्चालन भइरहेको हुँदा कम शुल्कमै गुणस्तरीय शिक्षा दिन सकेकोले ख्वप कलेजहरूमा विद्यार्थी आकर्षण बढ्दो छ," उहाँले स्पष्ट पार्नुभयो ।

विश्वविद्यालय शिक्षा अनुसन्धानमा आधारित हुनुपर्ने मान्यतालाई मनन गरी ख्वप कलेजहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठीहरू सञ्चालन गरिरहेको र यस्ता सम्मेलनहरूलाई बढावा दिन कलेज सञ्चालक समितिले प्राथमिकता दिँदै आएको प्रमुख प्रजापतिले उल्लेख गर्नुभयो ।

स्थानीय तहद्वारा सञ्चालित कलेजहरू स्वत: सरकारी कलेज भएकोले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजहरूलाई आङ्गिक कलेजसरह व्यवहार गर्नुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

कलेजमा रहेका कमी कमजोरीलाई आत्मसात गर्दै कलेजको प्रगतिको निम्ति कलेज सञ्चालक समिति निरन्तर अगाडि बढ्ने प्रतिबद्धता प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

विश्वविद्यालय अनुदान आयोगले ख्वप कलेजको लागि गठन गरिएको समकक्षी परीक्षण टोलीका प्रमुख प्राध्यापक सुवास केसीले सरोकारवाला पक्षको अपेक्षा

***बाँकी पृष्ठ ८ मा***

## नयाँ पुस्तालाई खेलाउँदै पढाउने विधि जरुरी

भक्तपुर, ८ चैत । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा सेराफ वर्ल्ड प्रि–स्कूलको चौधौं साधारणसभा र बाऱ्हौं ग्राजुएसन कार्यक्रम विद्यालय प्राङ्गण दूधपाटीमा सम्पन्न भयो ।



कार्यक्रममा अतिथि सचिव सुवालले अहिलेको स्थितिमा सरकारको भरमा परेर नहुने हुँदा समाजको अगुवाइमा शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्र फराकिलो पार्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले देश र जनताको नि:स्वार्थ सेवा गर्ने नयाँ पुस्ता तयार गर्न सेराफ वर्ल्ड प्रि–स्कूलको पनि योगदान महत्त्वपूर्ण हुने चर्चा गर्दै बालबालिकालाई खेलाउँदै पढाउने व्यवस्था गर्नु जरुरी भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "मित्र देश चीनको सरकारले नयाँ पुस्तालाई डलरको लोभमा विदेशी सुन्दर र सुन्दरीको जालमा नफस्न सचेत गराउँदै नेपालमा विदेशी डलर खर्च गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थादेखि सचेत हुनुपर्छ ।"

"अमेरिकी र इजरायली सरकारले इरानमा आक्रमण गरेपछि नेपालमा पनि तेल, ग्यास र खाद्यान्नको मूल्य बढ्यो र अभाव भयो । यसकारण, हामीले युद्धको विरोध गर्नु आवश्यक छ, सचिव सुवालले थप्नुभयो ।

नेपालले खुला सिमानामा मेचीदेखि महाकालीसम्म भूमि अतिक्रमणमा परेको उल्लेख गर्दै सचिव सुवालले विद्यालयले नयाँ पुस्तालाई देशभक्तिका गीत गाउने र नाच्ने सिकाएको सकारात्मक पक्ष हो भन्नुभयो ।

विद्यालयका प्रिन्सिपल अन्जनी ताम्राकारले अभिभावकहरूको समेत सुझाव लिएर नयाँ पुस्तालाई पठनपाठनको व्यवस्था गरेको बताउनुभयो ।

विद्यालयका प्ले ग्रुपदेखि कक्षा तीनसम्मका विद्यार्थीले नाचगानसहित आ–आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

**व्यङ्ग्यचित्र कुनो**



# कार्यशाला गोष्ठी सम्पन्न

भक्तपुर ८ चैत । सानो व्यासीस्थित युवा विद्यार्थीहरूको एकदिने कार्यशाला गोष्ठी शनिबार सम्पन्न भयो । सो कार्यशाला गोष्ठीमा समाजसेवी गणेशप्रसाद सुवालले भक्तपुर तत्कालीन समयमा निकै फोहर नगरको रूपमा चिनिएको र फोहरका कारण जनताको विभिन्न सरुवा रोगको समयमै उपचार नपाउँदा अकालमा मर्नुपर्ने अवस्था थियो भन्नुभयो ।

तत्कालीन समयमा नगरपञ्चायतमा निर्वाचित प्रधानपञ्च ज्ञानबहादुर न्याईच्याईले कुचो समाएर सफाइ कार्यमा लागेर सफाइ अभियान सञ्चालन गरेको र त्यसलाई निरन्तरता दिएको कारण आज भक्तपुर नगर संसारमै सफा नगरको रूपमा परिचित भएको उहाँले बताउनुभयो ।

अग्रजहरूले सञ्चालन गरेको सफाइ अभियान र सोपछिको शैक्षिक अभियानले भक्तपुर ज्ञानविज्ञानको केन्द्रका रूपमा अघि बढिरहेको उल्लेख गर्दै उहाँले भक्तपुर नगरपालिकाले देशैभरका अभिभावकका छोराछोरीहरूलाई विभिन्न कलेजहरू सञ्चालन गरी शिक्षा दिइरहेको बताउनुभयो ।

भक्तपुरको आजको परिवर्तन एकै दिनमा नभएको उहाँले बताउनुभयो । उहाँले युवा विद्यार्थीहरू कुलतमा लागी बिग्रेमा पूरै परिवार बर्बाद हुने हुँदा सही बाटोमा लाग्नुपर्ने प्रस्ट्याउनुभयो ।

गोष्ठीमा शिक्षक एवं सहजकर्ता कृष्णप्रसाद सुवालले परिवारबिना समाज बन्न नसक्ने र समाजको उत्पतिसँगै सोको विकास, विकासका चरणहरू,समाजको प्रकार तथा समाजमा आइपर्ने समस्याहरूको सामना गर्न नसक्दा नसोचेको परिणाम आएको हुँदा सचेत हुनुपर्ने कुरामा जोड दिनुभयो ।

गोष्ठीमा अजेन्द्रकुमार लघुले विद्यार्थीहरूको शैक्षिक गुणस्तर वृद्धि गर्नेतर्फ ध्यान जानुपर्छ भन्नुभयो ।

संस्कृति र संस्कारहरूको अभावमा नयाँ पुस्तामा विचलन आएको उल्लेख गर्दै उहाँले विश्व घटनाले नेपाल र नेपालीमा पार्ने प्रभावको बारेमा सचेत हुनुपर्नेमा जोड दिनुभयो । नेपालीहरू विदेशमा दु:खकष्ट गरी विदेशीहरूको दास बनिरहेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । समाजमा कसरी बाँच्नुपर्छ ?, अभिभावक र विद्यार्थीबिचको सम्बन्ध, शैक्षिक योग्यता र समाजप्रतिको उत्तरदायित्व,समाज र हाम्रो भूमिका र युवा विद्यार्थीको प्रगतिका लागि अभिभावकको भूमिका विषयक भएको सो कार्यक्रममा नेहा भट्ट, रादिल कोजु, सरोज दथेपुथे र सिद्धान्त लासिवाको टोलीले आ-आफ्नो विषय प्रस्तुत गर्यो । शैक्षिक विकास समाज व्यासीका आर. कोजुको संयोजनमा भएको सो गोष्ठीमा धन्यवाद समाजका सदस्य शिवकृष्ण कोजुले गर्नुभएको थियो ।



**अरनिको राजमार्ग बिस्तार गरिँदै**

अरनिको राजमार्गअन्तर्गत बिस्तार भइरहेको काभ्रेपलाञ्चोकको साँगा-धुलिखेल सडकखण्डको बनेपास्थित पुलबजार क्षेत्रमा निर्माणको काम हुँदै । गत मङ्सिरमा थप एक वर्ष म्याद थपेर बिस्तारलाई अघि बढाइएको छ । *तस्बिर: राजकुमार पराजुली/रासस*

# सवारीसाधन आवागमनमा रोक लगाएर धुलिखेल–खावा सडक स्तरोन्नति थालियो

काभ्रेपलाञ्चोक, ८ चैत । अरनिको राजमार्गअन्तर्गत यहाँस्थित धुलिखेल-खावा सडकखण्डमा सवारीसाधान आवागमनमा रोक लगाई स्तरोन्नति थालिएको छ । यसका लागि डिभिजन सडक कार्यालय भक्तपुरले उक्त सडकखण्डको स्तरोन्नतिकार्यलाई तीव्रता दिइएको अवस्थामा कलोपत्र (पक्की) बनाउन शनिबार रातिदेखि दुई हप्ता सडक बन्द गरेको हो ।

लामो समयसम्म निर्माण व्यवसायीको लापरवाहीका कारण रोकिएको विस्तारका लागि नयाँ निर्माण कम्पनीसँग गत कार्तिकमा सम्झौता गरिएपछि पुन: स्तरोन्नतिलाई तीव्रता दिइएपछि पक्की बनाउन यही चैत ७ देखि २० गतेसम्म रातिको समयमा साँझ ६:०० देखि बिहान ५:०० बजेसम्म यातायातका साधान बन्द गरिएको हो । साथै, उक्त अवधिभर टिपरलगायत मालवाहक सवारीसाधनलाई भने पूर्णत: रोक लगाइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुनम योगेशले बताउनुभयो । उहाँका अनुसार चार किलोमिटर दूरीको उक्त सडकखण्डमध्ये चैतमा २.५ किलोमिटर र आउँदो वैशाखमा बाँकी पक्की गरिसक्ने लक्ष्य लिइएको छ ।

उक्त सडकखण्डमा सुरुमा 'सिटीभी' हाल्ने र त्यसपछि लक्ष्यअनुसार पक्की बनाउँदै लगिनेछ योगेशले बताउनुभयो । लामो समयसम्म निर्माण व्यवसायीको लापरवाहीका कारण रोकिएको विस्तारकार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कार्तिकमा सम्झौता गरिएपछि विभिन्न स्थानमा कटिङको कामबाट पुन: स्तरोन्नति कार्यलाई तीव्रता दिइँदै आइएको हो । कार्यालयका अनुसार १४ महिनामा काम सम्पन्न गर्ने गरी सीएनएवान काली जेभीसँग भ्याटबाहेक रु. ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता गरिएको हो । हाल साना संरचना तथा टेवा पर्खाल निर्माणका काम भइरहेको जनाइएको छ । चिसो मौसमका कारण सडकमा सतह ( सर्फेस) को काम नभएको र चिसो कम हुँदै गएपछि पक्की बनाउने योजना बनाइएको योगेशले बताउनुभयो ।

उक्त सडकखण्डमा कालोपत्रको काम सकिएपछि सडकको 'स्लोप मेन्टेन' र अन्य बाँकी सानातिना काम गरिने योगेशको भनाइ छ । सात मिटर चौडाइको बन्ने उक्त सडकखण्को सडकमा रहेका पहिरो व्यवस्थापन गर्न नयाँ प्रविधिको प्रयोगसमेत गरिने छ ।

यसैबिच निर्माणमा ढिलासुस्ती हुँदा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । कार्यलयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुन: बोलपत्र आह्वान गरेको थियो । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले निर्माण कम्पनीसँगको ठेक्का रद्द गरेको थियो । सम्झौताको समय सीमा सकिएको ११ महिनापछि २५ प्रतिशतसमेत निर्माणको काम नसकेको अवस्थामा कार्यालयले २०८१ फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको हो । उसले विसं २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी रु. २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो ।

उक्त सडकखण्ड अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरीनाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकका रूपमा रहेको छ । उक्त सडकमा गुड्ने मालवाहक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन नेपालमा नै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डीबीएम र आस्फाल कालोपत्र गर्ने कार्यालयले जनाएको छ । ***रासस***

# बाँके कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी

नेपालगञ्ज, ८ चैत । बाँके कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी राखिएका छन् । अनौपाचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र एडभोकेसी फोरमले गरेको संयुक्त अनुगमनमा सात सय कैदीबन्दी राख्ने क्षमता भएको कारागारमा ८८९ कैदीबन्दी तथा थुनुवा राखेको पाइएको हो ।

कारागारमा रहेका कैदीबन्दीहरू एउटै कोठामा १२ देखि ४० जना बस्नुपर्ने, शौचालय प्रयोगका लागि पालो कुर्नुपर्ने, स्वास्थ्य सेवा र पठनपाठनको व्यवस्थित सुविधा नहुँदा कैदी बन्दीले समस्या भोग्नुपरेको बताएका छन् ।

एडभोकेसी फोरम नेपालका क्षेत्रीय संयोजक अधिवक्ता बसन्त गौतमले कारागारमा कैदीबन्दी क्षमताभन्दा बढी हुनु मानव अधिकार उल्लङ्घनको गम्भीर समस्या भएको उल्लेख गर्दै आधारभूत स्वास्थ्य सेवा, सरसफाइ, शौचालय सुविधा, न्यायिक प्रक्रिया तथा शिक्षा सुनिश्चित गर्न सम्बन्धित निकायले तत्काल कदम चाल्नुपर्ने बताउनुभयो ।

त्यसैगरी, सो टोलीले जिल्ला प्रहरी कार्यालय बाँकेको हिरासत कक्षको पनि अनुगमन गरेको छ । सो हिरासतमा अहिले ६१ जना थुनुवा छन् । केही थुनुवाको म्याद थप नभइ अनुसन्धानका क्रममा रहेको अवस्था भेटिएको एडभोकेसी फोरमका संयोजक गौतमले जानकारी दिनुभयो ।

अनुगमन टोलीले कारागारमा रहेका कैदीबन्दीको आधारभूत मानव अधिकार, स्वास्थ्य, सरसफाइ र न्यायिक प्रक्रियामा देखिएका चुनौतीको विस्तृत अध्ययन हुनुपर्नेमा जोड दिएको छ । टोलीले कारागार व्यवस्थापन, कैदीबन्दीको दैनिक जीवनयापन र आधारभूत मानव अधिकार पनि नरहेको उल्लेख गरेको छ । इन्सेकका कार्यक्रम अधिकृत टेकनाथ आचार्यले थुनुवाहरूको आधारभूत मानव अधिकार, स्वास्थ्य सेवा र खानाको गुणस्तर सुनिश्चित गर्न आग्रह गर्नुभयो ।

नौवस्ता कारागारमा हाल ६९१ जना कैदीबन्दी छन् । अनुगमन टोलीले कैदीबन्दीहरूको आवास क्षमता बढाउनुपर्ने, भीडभाड व्यवस्थापन, स्वास्थ्य बीमा पहुँच, न्यायिक सूचना प्रवाह र शिक्षा, धार्मिक अभ्यासको व्यवस्था थप प्रभावकारी बनाउन सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने निष्कर्ष निकालेको संयोजक गौतमको भनाइ छ । ***रासस***

# आठ महिनामा करिब ११ खर्ब व्यापार घाटा

काठमाडौँ, ८ चैत । चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले करिब रु. ११ खर्बको व्यापार घाटा बेहारेको छ ।

भन्सार विभागले आइतबार सार्वजनिक गरेको गत फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार उक्त अवधिमा कुल रु. १४ खर्ब ४० अर्ब ३६ करोड २२ लाखको कुल वैदेशिक व्यापारमा मुलुकले रु. १० खर्ब ९८ अर्ब १३ करोड ८२ लाख घाटा बेहोरेको हो । पछिल्लो आठ महिनामा रु. १२ खर्ब ८९ अर्ब २५ करोडको आयात र रु. एक खर्ब ९१ अर्ब ११ करोड २० लाख बराबरको निर्यात भएको विभागले जनाएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १२ दशमलव ५४ र निर्यात २९ दशमलव ८३ प्रतिशतले बढेको छ ।

गत फागुन मसान्तसम्ममा भारतसँगको व्यापार घाटा मात्र रु. पाँच खर्ब ६७ अर्ब ३९ करोड छ । यस अवधिसम्ममा भारतबाट रु. सात खर्ब २४ अर्ब छ करोडको वस्तु आयात भएको छ भने रु. एक खर्ब ५६ अर्ब ६६ करोड बराबरको निर्यात भएको छ ।

त्यस्तै, छिमेकी मुलुक चीनसँग रु. दुई खर्ब ७५ अर्ब ६६ करोड ७० लाखको आयात र रु. ९८ करोड ३३ लाखको निर्यात हुँदा रु. दुई खर्ब ६४ अर्ब ६८ करोड ३६ लाखको व्यापार घाटा व्यहोर्नुपरेको विभागले जनाएको छ । नेपालले बढी व्यापार घाटा बेहोरेका मुलुकमा अर्जेन्टिना तेस्रो, संयुक्त अरब इमिरेट्स चौथो र इन्डोनेसिया पाँचौं स्थानमा छन् ।

नेपालको वैदेशिक व्यापारमा नाफा भएका मुलुकमा भने रोमानिया, नर्वे, आइसल्यान्ड, नाइजर, इराक, केन्यालगायत छन् । पछिल्लो आठ महिनामा रोमानियासँग रु. ५० करोड ६५ लाख, नर्वेसँग रु. तीन करोड ३३ लाख र आइसल्यान्डसँग रु. दुई करोड ५७ लाख बराबर व्यापार नाफा देखिएको छ ।

यस अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । विभागका अनुसार पछिल्लो आठ महिनामा रु. ८२ अर्ब १० करोड ५१ लाखको डिजेल, रु. ४३ अर्ब ८९ करोड ७३ लाखको पेट्रोल र रु. ३७ अर्ब ३१ करोड ३७ लाख बराबरको एलपी ग्यास आयात भएको छ ।

त्यस्तै, रु. ८१ अर्ब १८ करोड ६४ लाख बराबरको कच्चा भटमास तेल आयात भएको छ भने रु. २९ अर्ब ९३ करोड ५९ लाख बराबरको स्मार्टफोन, रु. ३६ अर्ब ८२ करोड ३० लाखको फलामजन्य वस्तु, रु. २३ अर्ब ४९ करोड ६७ लाखको सुन, रु. १८ अर्ब ४४ करोड ७८ लाखको चाँदी आयात भएको छ ।

नेपालले बढी निर्यात गरेका वस्तुमा भटमास तेल पहिलो स्थानमा छ । पछिल्लो आठ महिनामा रु. ७५ अर्ब ७७ करोड ४१ लाख बराबरको भटमास तेल निर्यात भएको छ ।

त्यस्तै, रु. नौ अर्ब ४९ करोड, ६१ लाखको अलैंची, रु. छ अर्ब ५३ करोड ९६ लाखको कार्पेट, रु. छ अर्ब २० करोड २३ लाखको सूर्यमुखी तेल, रु. चार अर्ब ३२ करोडको पाम तेल निर्यात भएको छ । ***रासस***


## हित बचत तथा ऋण सहकारी संस्था लि.

जगाती-७, भक्तपुर, फोन नं. ०१-६६१९१५८

## कर्मचारी आवश्यकतासम्बन्धी सूचना

यस संस्थाको लागि देहायबमोजिमका कर्मचारी आवश्यक भएको हुदा इच्छुक दक्ष तथा अनुभवी योग्य उम्मेदवारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० दिनभित्र आफ्नो बायोडाटासहित हस्तलिखित निवेदनमा दर्खास्तको लागि आह्वान गरिन्छ ।

| क्र.सं. | पद | आवश्यक सङ्ख्या | शैक्षिक योग्यता | वान्छनीय योग्यता | अनुभव | आवेदन शुल्क |
|---|---|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | १ | SLC वा SEE उत्तीर्ण | कम्प्युटरसम्बन्धी ज्ञान भएका | अनुभवीलाई विशेष ग्राह्यता । | १००।- |
| २. | प्रबन्धक | १ | वाणिज्य वा अर्थशास्त्रमा स्नातक उत्तीर्ण | कम्प्युटरसम्बन्धी ज्ञान भएको | वित्तीय क्षेत्रमा वा कानुनी तथा प्रशासनसम्बन्धी ज्ञान भएको साथै अनुभवीलाई विशेष ग्राह्यता । | ५००।- |

**नोट**: चालक अनुमतिपत्र भएकालाई विशेष प्राथमिकता ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात**

नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान, पासपोर्ट साइजको फोटो एक थान, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि

**सम्पर्क मिति** : अन्तिम मितिको भोलिपल्ट

## सङ्क्षिप्त समाचार

# वर्षाका कारण नौ करोड बराबरको काँचो इँटामा क्षति

नेपालगञ्ज, ८ चैत । दुई दिनसम्म परेको बेमौसमी वर्षाले करिब नौ करोड बराबरको काँचो इँटामा क्षति पुगेको छ । इँटा व्यवसायीका अनुसार पोल्नका लागि तयारी अवस्थामा राखिएको ठूलो परिमाणको काँचो इँटा वर्षाले नष्ट भएपछि व्यवसायीलाई रु. आठ करोड ७५ लाख बराबरको क्षति भएको इँटा उद्योग व्यवसायी सङ्घ लुम्बिनी प्रदेशका उपाध्यक्ष तथा बाँकेको पीबीसी इँटा उद्योगका सञ्चालक दीपक अधिकारीले जानकारी दिनुभयो । उहाँले बेमौसमी वर्षाले एउटा उद्योगमा मात्र करिब पाँच लाख काँचो इँटा नष्ट भएको उल्लेख गर्नुभयो ।

व्यवसायी अधिकारीले जिल्लामा रहेका ७० वटा इँटा उद्योगमा तीन करोड ५० लाख काँचो इँटा नष्ट भएकाले रु. आठ करोड ७५ लाख बराबरको क्षति भएको बताउनुभयो । एउटा काँचो इँटाको मूल्य रु. २.५० पैसा पर्ने अधिकारीले बताउनुभयो ।

व्यवसायीका अनुसार खुलाचौरमा भर्खरै तयार पारेर सुक्नका लागि राखिएका अधिकांश इँटा पानीले भिजेर माटोमा परिणत भएका छन् । कर्णालीमा हिमपात भएसँगै बाँकेमा भएको वर्षाले यहाँका व्यवसायीले ठूलो क्षति बेहोर्नुपरेको बाँकेका व्यवसायीहरूको भनाइ छ ।

इँटा उद्योग व्यवसायी सङ्घ बाँकेका अध्यक्ष देवबहादुर केसीले हरेक वर्ष बेमौसमी वर्षाको चपेटामा परेर जिल्लाका उद्योगीले ठूलो क्षति बेहोर्नुपरेको बताउनुभयो । उहाँले सरकारले काँचो इँटाको बीमा पनि नगर्ने र क्षतिपूर्ति पनि नदिने हुँदा व्यवसायीलाई ठूलो मर्का परेको उल्लेख गर्नुभयो । **रासस**

# देशभरिका अस्पतालको सर्वेक्षण गरिँदै

काठमाडौँ, ८ चैत । राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभरका निजी स्वास्थ्य संस्था (अस्पताल) को सर्वेक्षणको तयारी गरेको छ ।

देशभरिका निजी स्वास्थ्य संस्थाले मुलुकको कुल गार्हस्थ उत्पादनमा कति योगदान पुर्‍याएका छन् भनेर अध्ययन गर्नका लागि सर्वेक्षण गर्न थालिएको तथ्याङ्क कार्यालयका निर्देशक तीर्थराज बरालले जानकारी दिनुभयो । उहाँका अनुसार देशभरिका निजी सही सामुदायिक अस्पतालले गणकबाट सर्वेक्षण गरिनेछ । उहाँका आगामी वैशाखदेखि असार मसान्तसम्म तथ्याङ्क सङ्कलनको काम गर्ने दिनुभयो ।

उहाँका अनुसार सर्वेक्षणबाट अस्पतालको आर्थिक अवस्था, अस्पतालले प्रदान गर्ने रोजगारी सङ्ख्यालगायत तथ्याङ्क सङ्कलन गरिनेछ ।

कार्यालयले प्रत्येक १०/१० वर्षमा निजी स्वास्थ्य संस्थाको सर्वेक्षण गर्ने भने तापनि केही वर्ष ढिलाइ भएको उहाँको भनाइ छ ।

सन् २०१३ मा भएको सर्वेक्षणमा निजी स्वास्थ्य संस्थाको मुलुकको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतभन्दा कम योगदान रहेको कार्यालयका निर्देशक बरालले जानकारी दिनुभयो । त्यतिबेला एकसय वटा अस्पतालमा सर्वेक्षण गरिएको थियो । यसपटक भने देशभरि दुई हजार ५५१ अस्पतालमा सर्वेक्षण गरिने तयारी गरिएको छ । **रासस**

# लागुऔषधसहित सात जना पक्राउ

काठमाडौँ, ८ चैत । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित सात जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौँको बूढानीलकण्ठ नगरपालिका -१० बाट एक जना, सुनसरीको इनरुवा नगरपालिका-४ बसचोकबाट दुई जना, धरान उपमहानगरपालिका-१५ बाट एक जनालाई खैरो हेरोइन र गाँजासहित गएराति उनीहरूलाई पक्राउ गरिएको हो ।

यसैगरी, झापाको बिर्तामोड नगरपालिका-३ बाट एक जना, कञ्चनपुरको बेलौरी नगरपालिका-१० पन्तचोकबाट एकजना र कैलालीको धनगढी उपमहानगरपालिका-१० घुइयाबाट एक जनालाई खैरो हेरोइनसहित पक्राउ गरिएको हो । **रासस**

# छुट्टाछुट्टै सवारी दुर्घटनामा सात जनाको मृत्यु

काठमाडौँ, ८ चैत । मुलुकका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा सात जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । रूपन्देही, कञ्चनपुर, पाल्पा र मोरङमा भएका सवारी दुर्घटनामा सात जनाको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

दुर्घटनामा रूपन्देहीमा एक, कञ्चनपुरमा एक, पाल्पामा चार र मोरङमा एक जनाको मृत्यु भएको हो । मोरङको रङ्गेली नगरपालिका-७ मा मोटरसाइकल अनियन्त्रित भई दुर्घटनामा घाइते भएका एक जनाको नोबेल अस्पताल विराटनगरमा उपचार भइरहेको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । **रासस**

# भरुवा बन्दुकसहित एक जना पक्राउ !

मकवानपुर, ८ चैत । वाग्मती गाउँपालिका-९ बेतिनीका ५७ वर्षीय सन्तकुमार प्रजापतिलाई भरुवा बन्दुक एक थानसहित गए राति प्रहरीले पक्राउ गरेको छ ।

निजको घरमा भरुवा बन्दुक लुकाइछिपाइ राखेको भन्ने सूचनाका आधारमा इलाका प्रहरी कार्यालय फापरबारीबाट खटिएको प्रहरीले घर तलासी गर्दा उक्त बन्दुक फेला पारी प्रजापतिलाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यससम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । **रासस**



**दाउन्नेमा सवारी जाम**
शुक्रबारदेखिको अवरुद्ध बुटवल-नारायणगढ सडकखण्डको दाउन्ने बजार क्षेत्रमा भएको सवारी जाम । नवलपरासी (बर्दघाट सुस्तापूर्व) को विनयी त्रिवेणी गाउँपालिका-२ दाउन्ने क्षेत्रको सडक अझै सहज हुनसकेको छैन । *तस्बिर: विष्णुप्रसाद गौडेल/रासस*

# विश्वव्यापी आवधिक समीक्षामा प्राप्त सुझाव कार्यान्वयन गर्न माग

काठमाडौँ, ८ चैत । संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) चौथो चक्रमा नेपालले बुझाएको प्रतिवेदनमाथि विभिन्न देशले दिएका सुझाव कार्यान्वयन गर्न विज्ञले माग गरेका छन् । सन् २०२५ मा नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्को चौथो चक्रअन्तर्गत रहेर प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनमा रहेर विभिन्न देशले सुझाव दिएका हुन् ।

नेपाललाई विशेष गरी तीनवटा विषयमा रहेर सुझाव प्राप्त भएको जनाउँदै अधिवक्ता बिनु लामाले प्राप्त सुझाव नेपालले कार्यान्वयन (एसेप्ट) गर्ने वा 'नोट' मा राख्ने दुई विकल्प रहेको बताउनुभयो । यस विषयमा सञ्चारकर्मीसँग महिला, कानुन र विकास मञ्चले आयोजना गरेको कार्यशालामा कानुनी पहिचान, लैङ्गिक आधारित हिंसा र यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारसम्बन्धी विषयमा केन्द्रित भएर अन्तरक्रिया गरिएको थियो । कार्यक्रमको मुख्य उद्देश्य यूपीआर प्रक्रियाबारे जानकारी दिनु, यसको राष्ट्रिय महत्त्व बुझाउनु तथा चौथो चक्रमा नेपालले प्राप्त गरेका प्रमुख सुझावबारे छलफल गर्नुरहेको उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा आवधिक समीक्षाको चौथो चक्रमा नेपाललाई गर्भपतनमा निरपराधीकरण, प्रजनन स्वास्थ्य अधिकार, सम्मानजनक प्रसूति सेवा, बृहत् यौनिक शिक्षा र समग्र यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सेवामा रहेर महत्त्वपूर्ण सुझाव प्राप्त भएको मञ्चकी अधिवक्ता रोजिना श्रेष्ठले बताउनुभयो ।

नेपाललाई प्राप्त सुझावबारे जानकारी दिँदै अधिवक्ता श्रेष्ठले सबै परिस्थितिमा गर्भपतनलाई अपराधमुक्त र वैधानिक बनाउन आइसल्यान्ड र फ्रान्सले सुझाव दिएको सुनाउनुभयो । सुरक्षित गर्भपतनको सेवामा पहुँच सुनिश्चित गर्न आइसल्यान्डले सुझाव दिएको थियो ।

महिला, किशोरकिशोरीसहित लैङ्गिक अल्पसङ्ख्यक तथा सुरक्षित गर्भपतनमा पहुँच सुनिश्चित गर्न नर्वेले सुझाव दिएको जानकारी कार्यक्रममा गराइएको छ । यसैगरी, विद्यालय हाताभित्र र बाहिर बृहत् यौनिकता शिक्षामा विश्वव्यापी पहुँच सुनिश्चित गर्न, किशोरावस्थामा हुने गर्भावस्था र बालविवाह रोक्न बहुक्षेत्रीय समन्वयलाई बलियो बनाउन, भेद्भावपूर्ण लिङ्ग पहिचान र लिङ्गका आधारमा हुने गर्भपतनविरुद्धको राष्ट्रिय रणनीति २०२१ प्रभावकारी कार्यान्वयन गर्न विभिन्न देशले आफ्नो सुझाव पेस गरेका वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले बताउनुभयो ।

छाउपडी प्रथा र विवाहमा हुने दाइजो प्रथालाई निषेध गर्न, कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चितका लागि जागरुकता बढाउन, दण्डित गर्न र अपराधीलाई अभियोजन गर्न विभिन्न देशले सिफारिस गरेका छन् । अठार वर्षमुनिका किशोरकिशोरीबिच सहमतिमा भएको यौन सम्बन्धलाई अपराधमुक्त गर्ने र किशोरावस्थाको गर्भावस्था एवं बालविवाह रोकन मेक्सिकोले सुझाव दिएको वरिष्ठ अधिवक्ता ढुङ्गानाले बताउनुभयो ।

नेपाल सरकारले सन् २०२६ को जुन/जुलाईमा हुने सत्रअघि यूपीआर सिफारिसमा आफ्नो अन्तिम प्रतिक्रिया पेस गर्ने तयारी गरिरहेको सन्दर्भमा त्यसबारे तयारी र रणनीतिबारे विचार आदानप्रदान गरिएको हो । साथै, यूपीआर प्रक्रियामा सुचित सार्वजनिक बहसको वातावरण बनाउन र जवाफदेहिता प्रवर्द्धन गर्न सञ्चारमाध्यमको भूमिका बढाउन कार्यक्रम आयोजना गरिएको मञ्चका सूचना अधिकारी विनोदचन्द्र देवकोटाले जानकारी दिनुभयो ।

विश्वव्यापी आवधिक समीक्षाको चौथो चक्रअन्तर्गत नेपालको प्रतिवेदनमाथि दिएका यी सुझाव स्वीकार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु नेपाल सरकारको संवैधानिक तथा अन्तर्राष्ट्रिय दायित्व भएको उहाँले बताउनुभयो । **रासस**

# एभरेस्ट चिनी उद्योगमा लक्ष्यभन्दा कममात्र उखु क्रसिङ

महोत्तरी, ८ चैत । चालु आर्थिक वर्ष २०८२/८३ को याममा महोत्तरीको गौशाला नगरपालिका-१ रामनगरस्थित एभरेष्ट चिनी उद्योगले उखु अभाव हुँदा क्रसिङ लक्ष्य हासिल गर्न सकेन । यस याममा ८९ दिन मात्र उखु क्रसिङ गरिएकामा २८ लाख ५३ हजार १७८ क्विन्टल क्रसिङ भएको उद्योगले जनाएको छ ।

उद्योगले राखेको लक्ष्यभन्दा दुई लाख ४७ हजार ८२२ क्विन्टल कम हो । उद्योगले यसयाममा ३१ लाख क्विन्टल उखु क्रसिङको लक्ष्य राखेको थियो । "हामीले ३१ लाख क्विन्टल उखु क्रसिङको लक्ष्य राखेका थियौँ, तर उखु पर्याप्त नपाइँदा यो लक्ष्य हासिल गर्न सकेनौँ", उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्लाले भन्नुभयो, "उखुको अभावले कैयौँपटक क्रसिङ रोक्दै चलाउँदै गर्नुपर्‍यो ।" उद्योगले गत पुस ७ गते थालेको क्रसिङ गत बिहीबारसम्म सञ्चालन गरेको थियो ।

उद्योगले पछिल्ला तीन/चार वर्षयता उखुको भुक्तानी प्रक्रिया सरल बनाए पनि उखुखेती बढ्न सकेको छैन । एक दशकअघि १५ हजार बिघामाथि रहेको उखुखेती चार वर्षअघि झरेर पाँच/छ हजार बिघामा खुम्चिएको छ । त्यसअघिका वर्षमा भुक्तानी झन्झटिलो हुँदा खेती गर्न छाड्दै गएका किसानले पछिल्ला तीन वर्षयता यो प्रक्रिया सरल बनाउँदै लगेपछि क्रमश: खेती बढाउँदै लगेका छन् ।

हाल करिब नौ हजार बिघामा उखुखेती हुने गरेको उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "उद्योगले भुक्तानी प्रणाली सरल बनाएपछि खेती गर्ने किसानको सङ्ख्या केही बढेको छ, तर मूल्य निर्धारण र अनुदानमा भने किसान समस्यामा छन् । यही समस्या समाधान नहुँदा किसानमा उत्साह जाग्न सकेको छैन ।"

उखु किसानका प्रतिनिधि संस्थाले उद्योग, सरकार र आफूसहितको सहभागितामा प्रत्येक वर्ष कार्तिक मसान्तभित्र उखुको मूल्य निर्धारण भइसक्नुपर्ने र अनुदान बढाउन पर्ने माग गर्दै आएका छन् । सरकारले किसानका प्रतिनिधिलाई खोज्दै नखोजी एकपक्षीय रूपमा मूल्य निर्धारण गर्दै आएको कुशवाहाको गुनासो छ । यो मूल्य निर्धारण पनि बाली तयार भइसकेपछि किसानलाई कमजोर बनाएर हुँदै आएको उहाँले धारणा राख्नुभयो ।

यो अवस्थाले खेती बढ्न नसक्दा किसान र उद्योग दुवैलाई मर्का परेको कुशवाहाले जानकारी दिनुभयो । "किसानले उखुको मूल्य प्रतिक्विन्टल रु. ७५० माग गरे पनि सरकारले उखुको मूल्य रु. ६२० र अनुदान रु. ७० गरी रु. ६९० कायम गरेको छ । यो बढ्दो खेतीको लागत र आममूल्यवृद्धिको अनुपातमा कम हो," उहाँले भन्नुभयो ।

चिनी उद्योगले उखुको भुक्तानी तौल भएको दुई साता ननाघ्दै दिँदै आएको जनाएको छ । पछिल्लो एक साता (फागुन २७ देखि चैत ५) सम्मको मात्र उखुको भुक्तानी बाँकी रहेको उद्योगका महाप्रबन्धक शुक्लाले बताउनुभयो । केही दिनभित्रै भुक्तानी गरिसक्ने उद्योगले जनाएको छ ।

हालसम्म गत फागुन २६ गतेसम्म तौल भएका २६ लाख ३२ हजार क्विन्टल उखुको रु. एक अर्ब ६२ करोड भुक्तानी किसानका बैङ्क खातामा गइसकेको उद्योगका महाप्रबन्धक शुक्लाले जानकारी दिनुभयो । उहाँका अनुसार यो भुक्तानी रकम एक हजार १७४ किसानले पाएका छन् । **रासस**

।सम्पादकीय।

# एसपीपी देशको लागि अर्को खतरनाक योजना

नेपाली भूमिलाई कुनै पनि विदेशी राष्ट्रको परेड खेल्ने भूमि बनाउन दिनु हुँदैन। कुनै पनि शासक दलले विदेशीको इसारा या उठबसमा रहेर राज्य सञ्चालन गर्नु हुँदैन। नेपालको मन्त्रालयमा थन्केर रहेको एसपीपी यतिबेला चर्चाको विषय बनेको छ। अमेरिकाले विगतमा एमसीसी पास गराउन नेपाल सरकारलाई दबाब दिएको थियो। अमेरिकी दबाबमै एमसीसी पास गरिएको थियो। यसमा त्यसबेलाका नेका, एमाले र माओवादीजस्ता ठुलठुला दलहरू फसेका थिए। त्यसको कारण आर्थिक सहयोग या विकासको नाउँमा अमेरिकी सेना नेपाल पस्ने बाटो खोल्यो। अब बन्ने सरकारले एसपीपी पास गरेको खण्डमा अमेरिकी सेना बिनासर्त खुलमखुला नेपाल प्रवेश गर्ने बाटो खुल्छ। नेपाल विदेशी सेनाको अखडा बन्ने छ।

विदेशी सहयोग र आर्थिक सहयोगको नाउँमा सरकारले देशलाई दूरगामी असर पर्ने कुनै सन्धि सम्झौता गर्नु हुँदैन। विगतको सरकार एमसीसीमा फस्यो भने अब बन्ने सरकार एसपीपीमा फस्ने सम्भावना छ। बन्ने नयाँ सरकारमा देशभक्ति भावना भएन भने एसपीपी पास गराएर अमेरिका नेपाललाई फसाउन बेर लाग्दैन। एसपीपी पास भएमा देशको अस्तित्व समाप्त हुने सम्भावना हुन्छ। एसपीपी नेपाल र नेपालीको स्वार्थमा होइन अमेरिकी प्रशासनको स्वार्थमा ल्याइएको हो। साम्राज्यवादी अमेरिकाले रास्वपाको सरकारलाई दबाब दिएर भए पनि एसपीपी पास गराउन दबाब दिने सम्भावना छ। गएको फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनमा रास्वपालाई जिताउन अमेरिका र अमेरिकी सङ्घसंस्थाहरूको हात रहेको कुरा समाचारमा आएकै हो।

विगतमा देशभक्त दल र जनताको विरोधका कारण थन्किएर रहेको एसपीपी नयाँ सरकारले पास गरेमा त्यो नेपालको राजनीतिक इतिहासमा कालो दागसरि हुनेछ। सरकारको त्यो पहिलो देशविरोधी कदम हुनेछ। रास्वपाका नेताहरूले एमसीसी र एसपीपीको कतै विरोध गरेको पाइएको छैन। अमेरिकाको स्वार्थमा ल्याइएको एमसीसी र एसपीपी सम्झौताको विरोध रास्वपाले गरेको छैन। एमसीसी सम्झौता भनिएको संयुक्त राज्य अमेरिकी सहयोगको नाउँमा नेपाली जनतालाई भड्खालोमा पुऱ्याउने र नयाँ उपनिवेश बनाउने षड्यन्त्रमा सरकार फसेको राजनीति सेलाउन नपाउँदै नयाँ सरकारको गठनसँगै एसपीपीको चर्चामा ल्याउनु राम्रो सङ्केत होइन। यो नेपाल र नेपालीको निम्ति कालान्तरमा धक्का पुग्ने गोटी बन्नेमा शङ्का छैन। एमसीसीमा हस्ताक्षर गर्ने देशका नेता, मन्त्रीहरू इतिहासमा कालो धब्बाको रूपमा रहेझैँ अब कुन दलका नेता र मन्त्रीहरू फस्ने हुन्? अमेरिकाले कसरी फसाउने हो र फसाउन के-कस्ता लोभ देखाउने हो? हेर्न बाँकी छ।

नेमकिपाले सदन र सडकमार्फत एमसीसी सम्झौता नगर्न बारम्बार सरकारको ध्यानाकर्षण गराएको थियो। तर, सत्तारुढ दलका नेता र मन्त्रीले नेमकिपाको देशभक्तिपूर्ण त्यो आवाजलाई सुनेनन् र एमसीसी पास गरे। अमेरिकी कानुन र नीतिको विरोध गर्न नपाइने, अमेरिकाको वर्तमान र भविष्यको कानुन पालना गर्नुपर्ने, सम्झौताको कारण कुनै नेपालीको मृत्यु भएमा कतै उजुरी गर्न नपाउने, नेपालले पेस गर्ने योजना पारित गर्न भारतको समर्थन चाहिने एमसीसी सम्झौता विगतको सरकारले आँखा चिम्लेर पास गऱ्यो। सम्झौताका यी प्रावधानहरू नेपाललाई अमेरिकाको नवउपनिवेश बनाउने योजना हो। यस्तो योजना नेका र एमालेको सरकारले पास गऱ्यो।

एमसीसीभन्दा एसपीपी अर्को खतरनाक योजना हो। यो योजना सेनासित सम्बन्धित योजना हो। एमसीसी सम्झौता खारेज गराउन नेपाली जनता देशभरि आन्दोलित भएझैँ एसपीपी पारित गर्ने प्रयास गरिएमा देशभक्त सबै दल र जनता उठेर अर्को आन्दोलन गर्नुपर्ने हुन्छ। एमसीसी सम्झौतामा अमेरिकाले नेपाल सरकारलाई विद्युत् प्रसारण लाइन विस्तार गर्न र सडक सुधार गर्नको लागि ५ वर्षमा ५० करोड अमेरिकी डलर उपलब्ध गराउने भनिएको थियो। त्यही लोभमा नेपाल सरकार फसेको थियो। एसपीपी पास गराउन पनि अमेरिकाले नेपाल सरकारलाई त्यस्तै आर्थिक सहयोगको लोभ देखाउन सक्छ।

एमसीसी अर्थात् मिलेनियम च्यालेन्ज कर्पोरेसन संयुक्त राज्य अमेरिकाकी सरकारको वैदेशिक सहयोग नियोग हो। एसपीपी अमेरिकी सेनासित सम्बन्धित छ। यो मुद्दामा नेपाल फसे उम्कन सक्नेछैन। जसरी एमसीसी परियोजना नेपालको परराष्ट्र नीतिविपरीत छ त्यसरी नै एसपीपी पनि देश हितविपरीत छ। यसमा नयाँ बन्ने सरकार फस्नु हुँदैन; फसेर देशघाती काम गर्नु हुँदैन। सरकार फसेमा यो सरकारको नेतृत्व गर्ने दल पनि देशको निम्ति कलङ्क हुनेछ।

# मार्क्सवादले अझै पनि बदल्न सक्छ संसार

✍ डेभिड हार्भी


सन् २००८ को नोभेम्बरमा विश्व वित्तीय मन्दीको चपेटामा पऱ्यो। बेलायतकी महारानी एलिजावेथले 'लन्डन स्कुल अफ इकोनोमिक्स' को भ्रमण गरिन्। भ्रमणको क्रममा उनले त्यहाँ जम्मा भएका अर्थविद्हरूसँग 'तपाईँहरूले आउँदै गरेको वित्तीय सङ्कटको सुइँको किन पाउनुभएन' भनी सोधिन्। अर्थविद्हरूसँग कुनै उत्तर थिएन। उनीहरूले सरसल्लाह गरे र यो विषयमा सेमिनारहरू चलाए। ६ महिनापछि उनीहरूले महारानीलाई एउटा सामूहिक पत्र लेखे। पत्रमा उनीहरूले अहङ्कार र प्रणालीगत जोखिमको सामना गर्न नसक्दा नै आफूहरूले मन्दीको पूर्वानुमान गर्न नसकेको लेखे। प्रणालीगत जोखिमलाई बेवास्ता गरेको तर्क गम्भीर छ। खासमा प्रणालीगत जोखिम छ-छैन भनी नजाँचेको जहाजमा हामीमध्ये कोही पनि चढ्न नमान्ला।

हालै मेरो नयाँ पुस्तक छापियो - पुँजीको कथा (The Story of Capital)। यसमा पुँजीजन्य उत्पादन प्रणालीले ल्याउने प्रणालीगत जोखिम र आन्तरिक विकृतिबारे चर्चा छ। कार्ल मार्क्सले पुँजीको राजनीतिक अर्थशास्त्रबारे गहिराइमा गएर लेख्नुभयो। तिनै सैद्धान्तिक साधनलाई प्रयोग गरेर मैले वर्तमान पुँजीवादका प्रणालीगत जोखिम र आन्तरिक विकृतिको चिरफार गर्ने प्रयास गरेको छु। मार्क्सको जगतप्रसिद्ध भनाइ नै छ - हाम्रो उद्देश्य संसार बुझ्ने भन्दा पनि त्यसलाई बदल्ने हुनुपर्छ। उहाँले यसलाई बुझ्नमा धेरै समय र पसिना खर्चिनुभयो किनभने उहाँ यसलाई बदल्न चाहनुहुन्थ्यो। वास्तवमा उहाँको अनुभवबाट के भन्न सकिन्छ भने संसार बदल्न छ भने पुँजीलाई बुझ्नु एकदम आवश्यक छ। यसमा उहाँ पूर्ण विश्वस्त हुनुहुन्थ्यो।

यहाँ हामी मार्क्सको रचना 'ग्रुन्ड्रिजे' बाट केही उद्धरण लिएर अघि बढ्छौँ। मार्क्सले लेख्नुभयो, "पुँजीको अवधारणाको सटिक विकासक्रम बुझ्न आवश्यक छ। किनभने, यो नै आधुनिक अर्थशास्त्रको आधारभूत अवधारणा हो। जसरी पुँजी नै पुँजीवादी समाजको जग हो। (पुँजीमा आधारित) सम्बन्धका मूलभूत विशेषताको सटिक बुझाइले पुँजीवादी उत्पादनका सम्पूर्ण अन्तर्विरोध केलाउनुपर्छ र यसले कसरी आफूलाई आफ्नो सीमाभन्दा पनि बाहिर ठेल्छ भनी समेट्नुपर्छ।" यहाँ मार्क्सले प्रयोग गर्नुभएको 'अन्तर्विरोध' शब्दको अर्थ बुझ्नुपर्छ। उहाँ 'पुँजीभित्र अन्तर्विरोध' छ भनी जोड दिनुहुन्छ र 'यसलाई पूरा विकास गर्ने' लक्ष्य लिनुपर्ने उहाँ बताउनुहुन्छ। 'अन्तर्विरोध' शब्द नवशास्त्रीय, रिकार्डेली वा किन्सेली अर्थशास्त्रमा पाइँदैन। तर, मार्क्सले अघि सार्नुभएको पुँजीको अवधारणामा यो शब्द आधारभूत हो। यो शब्द किन यति महत्त्वपूर्ण छ?

कुनै पनि धाराको पुँजीवादी राजनीतिक अर्थशास्त्र दुई भागमा बाँडिएको हुन्छ। एउटा सुक्ष्म अर्थशास्त्र (Microeconomics) र स्थुल अर्थशास्त्र (Macroeconomics)। पहिलोले फर्मविशेषको सिद्धान्त दिन्छ भने दोस्रोले राष्ट्रिय र विश्वव्यापी अर्थशास्त्रको सिद्धान्त दिन्छ। जतिसुकै प्रयास गर्दा पनि सुक्ष्मबाट स्थुल अर्थशास्त्रका सिद्धान्त निकाल्न सकिएको छैन न त स्थुलबाट सुक्ष्म अर्थशास्त्र नै निकाल्न सकिएको छ। यो प्रयास असम्भव साबित भएको छ। मार्क्सको नजरमा यो अन्तर्विरोध बुझाइका लागि बाधक होइन, बरु सिद्धान्त निर्माणको मूल आधार हो। व्यक्तिगत तहमा पुँजीपतिहरू प्रतिस्पर्धाको जङ्गली नियमले चलायमान हुन्छन्। उनीहरू आफूले काम लिने श्रमशक्तिको उत्पादकत्व बढाउन नयाँ नयाँ प्रविधि प्रयोग गर्ने होडमा हुन्छन्।

तर, मार्क्सको सिद्धान्त अलग छ। यसले श्रमलाई सारा मूल्यको स्रोत मान्छ। श्रमको उत्पादकत्व बढाउँदा श्रमिकहरूको सङ्ख्या घट्न पुग्छ। यसले गर्दा कम मूल्य उत्पादन हुन्छ। (अरू कुरालाई यथावत राखेर हेर्दा) परिणाम - सङ्कट आउँछ, पुँजीले दिने नाफा खस्किन थाल्छ। सुक्ष्म र स्थुल आवश्यकताहरूको अन्तर्विरोधबाट यो सैद्धान्तिक बुझाइ निस्किन्छ। अर्को शब्दमा भन्नुपर्दा आफूले लगाएको पुँजीबाट आउने मुनाफाको दर अधिकतम बनाउन व्यक्तिगत तहमा पुँजीपतिहरूले गर्ने क्रियाकलापको कूल परिणाम उल्टो निस्किन्छ; यो क्रियाशीलता पुँजी सञ्चयको झन्झन् प्रतिकूल बन्दै जान्छ। यसपछि अर्को समस्या थपिन्छ



- पुँजीलाई अब पुँजीपतिहरूको तर्कपूर्ण तर ध्वंसात्मक व्यवहारबाट कसले जोगाउने? खुला बजार प्रतिस्पर्धाको जङ्गली नियमबाट शासित पुँजीपतिहरूबाट पुँजीलाई कसले बचाउने?

सबैखाले अनुसन्धान विषयहरू ( अर्थशास्त्र आदि) र नीति संस्थानहरू ( जस्तो आर्थिक मामिला संस्थान र अन्तर्राष्ट्रिय मुद्राकोष आदि) यिनै प्रश्नका अन्तिम जवाफ खोज्न बनाइएका हुन्। समस्या भएपछि तिनका समाधान पनि हुन्छन्। अन्तर्विरोधको पनि हल छ। अन्तर्विरोधका बिन्दुहरूमा सदैव तनाव भइरहेको हुन्छ। यी बिन्दु जुन प्रणालीसँग टाँसिएका छन्, त्यहीँबाट मात्र यिनको व्यवस्थापन गर्न सकिन्छ। यी अन्तर्विरोधहरू त्यति बेला मात्र हट्छन् जतिबेला पूरै प्रणाली हराएर जान्छ। एउटा उदाहरण दिन्छु। मेरो पेशेवर जीवनका आवश्यकता अनि व्यक्तिगत रहर र जिम्मेवारीबिच अन्तर्विरोधहरू छन्। यिनलाई म निरन्तर व्यवस्थापन गरिरहेको हुन्छु। प्रायःजसो यो अन्तर्विरोध छद्म वा अल्पगोचर हुन्छ। तर, (हङ्गेरीको केन्द्रीय युरोपेली विश्वविद्यालयजस्तै) कुनै तानाशाहले मेरो विश्वविद्यालय बन्द गरायो भने यो अन्तर्विरोध मेरो व्यक्तिगत सङ्कटको केन्द्र बन्छ।

तसर्थ, राजनीतिक अर्थशास्त्रीको समस्या पुँजीका मूलभूत अन्तर्विरोधहरू चिन्नु र पहिल्याउनु हो; पुँजीको गतिका नियमहरूको व्याख्या गर्नु हो। (जस्तो, पुँजी र श्रमबिचको द्वन्द्वात्मक सम्बन्ध पुँजीका मूलभूत अन्तर्विरोधमा पर्छ।) बजारको विनिमय प्रणाली जति सामान्य र व्यवस्थित बन्दै जान्छ, सहभागीहरू 'उति वस्तुगत निर्भरता सम्बन्धमा बाँधिन्छन् र यो व्यक्तिगत निर्भरताको ठिक विपरीत हो' जुन पहिले चल्तीमा थियो। मार्क्सले लेख्नुभयो, "मानिसहरू पहिले एकअर्कामा निर्भर हुन्थे अहिले उनीहरूलाई 'अमूर्त' ले शासन गर्छ। यो 'अमूर्त' वा विचार अरू केही नभई भौतिक सम्बन्धकै सैद्धान्तिक अभिव्यक्ति हो। भौतिक सम्बन्ध नै मानिसहरूलाई शासन गर्ने मालिक र प्रभु हुन्।" शासक विचार वास्तवमा शासक वर्गका विचार हुन्। जोसँग राज्यसत्ता हुन्छ तिनकै विचारले शासित हुन्छन् मानिसहरू। (अहिलेसम्म अमेरिका नै विश्वको वर्चस्वशाली राज्यसत्ता थियो।) मार्क्स थप लेख्नुहुन्छ, "(यी) सम्बन्धहरूलाई निश्चय पनि विचारका रूपमा मात्र अभिव्यक्त गर्न सकिन्छ। त्यसैले दार्शनिकहरूले विचारमार्फत गरिने शासनलाई नयाँ युगको विशेषता बताएका छन्; स्वतन्त्र व्यक्तिको रचनालाई यो शासनको वैचारिक विघटनसँग जोड्ने गरेका छन्। ( उनीहरूलाई) यो भ्रम सजिलै भयो किनभने मानिसहरूको चेतनामा यो शासन विचारको शासन जस्तो देखिन्छ। किनभने, यी (शासक) विचार स्थायी छन् भन्ने बुझाइ (अर्थात्, वस्तुगत निर्भरता सम्बन्ध) लाई निःसन्देह शासक वर्गले सबै उपाय लगाएर रोप्छ, मलजल गर्छ।"

यही काम सन् १९८० को दशकमा अर्थविद् हायक, मिल्टन फ्रिडमेन, किथ जोसेफ, आर्थिक मामिला संस्थान र मार्गरेट थ्याचर मिलेर गरेका थिए। विश्वमा नवउदारवादी अर्थनीति थोपर्न उनीहरूले एकदम सफाइका साथ यो काम फत्ते गरेका थिए। थ्याचरले घोषणा गरेका थिए, "अर्को विकल्प छैन।" धेरै जनाले यो नारालाई देववाणीजस्तै स्वीकारेका थिए। यसरी, मानव इतिहासमा विचारले 'भौतिक शक्ति' को रूप लिन्छ। यी शासक विचारबारे हामी वैचारिक तहमा सचेत हुन्छौँ र तिनीहरूविरुद्ध वैचारिक सङ्घर्षमार्फत लड्छौँ। सन् १९८० को दशकमा भर्खरै प्रायोजन गरिएका नवउदारवादी थिङ्कट्याङ्क वा बुद्धिजीवी समूहहरू फस्टाउन थाले। त्यो बेला (कल्याणकारी राज्यका पक्षधर) किन्सेली अर्थविद्हरूलाई किनार लगाइयो; अर्बपतिहरूको गुट मौलाउँदै गयो; श्रमजीवी वर्गका संस्थानहरू विफल हुन थाले र मार्क्सलाई खिसीट्युरी गर्दै गुमनाम पारियो।

मार्क्सको विषयमा मैले लेखेका पुस्तकहरूको शृङ्खलामा 'पुँजीको कथा' मेरो पछिल्लो र सके अन्तिम पुस्तक हो। पछि फर्केर हेर्दा यो मेरो 'मार्क्स अभियान' थियो। सुरुमा मैले यस्तो होला भनेर कल्पना नै गरेको थिइनँ। के हो त यो 'मार्क्स अभियान'? मार्क्सको सिद्धान्तलाई सक्रियतापूर्वक अपनाउने त परको कुरा भयो, त्यसलाई राम्ररी बुझिएको पनि छैन भन्ने कुरा धेरै पहिले महसुस गरिएको थियो। त्यसैले उहाँको सिद्धान्तलाई अझ सुलभ बनाउन धेरै मिहिनेत गर्न जरुरी थियो। मार्क्सको विचार आयो कि कुरा पन्छ्याउने वा दक्षिणपन्थीहरूले जस्तो उहाँको विचारलाई तोडमोड गर्ने चलनले गर्दा उहाँबारे एकखालको अज्ञानता व्याप्त थियो। त्यस्तै, विभिन्न गुट-उपगुटमा लागेका वामपन्थीहरूले मार्क्सका विचारलाई जड मन्त्र बनाउने अर्को चलन थियो। यिनै दुई कारणले गर्दा पनि मार्क्सको सिद्धान्तलाई सुलभ बनाउन धेरै जरुरी थियो।

मार्क्सवाद आफैमा जटिल सिद्धान्त हो। तर, प्राज्ञिक जगतले यसलाई झन् जटिल बनाउने काम गरेको देखियो। यसमा मैले पनि केही योगदान गरेँ, 'पुँजीका सीमाहरू' पुस्तक लेखेर। (यो पुस्तक सन् १९८२ मा छापिएको थियो। यसबारे एक समीक्षकले लेखे - भूगोलमा उपलब्धि तर स्नातक तहमा पढिरहेका विद्यार्थीको लागि अर्को बोझ।) मसँग एउटा सम्भावना थियो। सन् १९७१ पछि मैले प्रतिवर्ष कम्तीका एकपल्ट विद्यार्थीलाई मार्क्सले लेख्नुभएको 'पुँजी' को पहिलो खण्ड पढाउनुपर्ने थियो। म यही अनुभवलाई उपयोग गर्न सक्थेँ। सन् १९७० को दशकमा मैले यो किताबलाई धेरैचोटि क्याम्पसभित्र र बाहिर पढाएँ। (विश्वविद्यालयमा पढाउँदा मैले सम्झौतामा उल्लेख भए अनुसार पढाएँ। तसर्थ, कसैले पनि मैले पढाएर राजनीति गरेको र प्राज्ञिक कर्मलाई बेवास्ता गरेको भनी दाबी गर्न सक्दैन!)

त्यसक्रममा मैले मार्क्सका तर्कहरूलाई जटिल वा सजिलो नबनाई प्रस्ट पार्ने काम गरेँ। मैले मार्क्सलाई यसरी नै पढ्नुपर्छ भनेर आफ्नो बुझाइ थोपर्ने प्रयास गरिनँ। तर, पढाउने मान्छेले आफ्नो बुझाइ नराखी पढाउन सम्भव छैन। (मैले पनि त पढेरै बुझ्नुपर्ने हुन्छ।) मैले मार्क्सको चिन्तनसम्म पुग्ने ढोका खोल्न चाहेँ। पाठकहरूले त्यो ढोकाबाट पसेर मार्क्सलाई आफैले बुझून भनेर मैले यो काम गरेँ। यही भावनाका साथ मैले मार्क्सका दुई रचना 'पुँजी' र 'ग्रुन्ड्रिजे' का विषयमा शृङ्खलाबद्ध भिडियो र पुस्तक लेखेँ।

तर, मैले अर्को आवश्यकता पनि महसुस गरिरहेँ। आजको राजनीतिमा समेत मार्क्सको शिक्षा उत्तिकै सान्दर्भिक छ भनी पुष्टि गर्नुपर्ने देखेँ मैले। यसका लागि हामीले मार्क्सबाट के सिक्न सक्छौँ भनेर खुट्याउनुपर्ने थियो। साथमा, उहाँले अधुरा छोडेका कार्य र कताकती गरेका गल्ती छुट्याउनुपर्ने थियो। (गल्तीका सन्दर्भमा मार्क्स माफीका हकदार हुनुहुन्छ!) उहाँको सिद्धान्तमा म्याद नाघेका र म्याद ननाघेका कुरा पनि चिन्नुपर्ने थियो। मेरो दिनमा सधैँ घुमिरहने प्रश्न थिए - आजका दिनमा मार्क्सले हामीलाई के सिकाउन सक्नुहुन्छ? आफूवरिपरिको संसार बुझ्न हामी आफैले चाहिँ के गर्नुपर्छ?

मैले मार्क्सले अपनाउनुभएको विधिको उपयोगिता र ठोस सिद्धान्त निर्माणको व्याख्या गर्न कम्मर कसेँ। यसका लागि मैले ती साधनलाई प्रयोग गरेर आजका घटना र मुद्दाहरूको विश्लेषण गर्न थालेँ। धेरै पछि मात्र मैले मार्क्सका दुई महत्त्वपूर्ण कृतिबिच पुल बनाउने काम गरिरहेको थिएँ भन्ने महसुस गरेँ। 'मार्क्स अभियान' का क्रममा लेखिएका पछिल्ला पुस्तकहरूमध्ये एक हो - 'सात अन्तर्विरोध र पुँजीवादको अन्त्य'। यो पुस्तकमा मैले पुँजीवादको विरोधले हामीलाई कहाँ लैजान सक्छ भनी व्याख्या गरेको छु। पुस्तकमा मैले आजको सन्दर्भमा पुँजीवादविरोधी हुनुका सुसङ्गत कारणहरू दिएको छु। साथै, अर्को पुस्तक 'मार्क्स, पुँजी र आर्थिक तर्कको पागलपन' मा मैले पुँजीको समकालीन सङ्कट व्याख्या गर्न मार्क्सका रचनाहरूलाई व्यवस्थित पारेको छु। मेरा प्रत्येक पुस्तकले कुनै निश्चित विषयमा मार्क्सले गरेको विश्लेषणको विशेष पक्ष उजागर गरेका छन्। यी सबैले मार्क्सका कृतिको सावधान र व्यवहारिक अध्ययन गर्न उत्साहित गर्ने मैले आशा लिएको छु।

'पुँजीको कथा' साधारण मानिसलाई पुँजीको कथा भन्ने अर्को एउटा प्रयास हो। आशा छ, यसलाई पाठकले निजी र राजनीतिक दुवै तवरले बुझ्न र प्रयोग गर्न सक्नेछन्। समूहमा मिलेर हामीले यो संसार साँच्चै बदल्न सक्छौँ। तर, मार्क्सले जोड दिएझैँ हामीले रोजेको परिस्थिति अनुसार यो परिवर्तन हुनेछैन। परिवर्तनका निम्ति परिस्थितिको सैद्धान्तिक चिरफार गर्नु पहिलो महत्त्वपूर्ण पाइला हो। यसर्थ, अझ मानवीय र पर्यावरणमैत्री विकल्पको निर्माण गर्न मैले 'पुँजीको कथा' पुस्तक लेखेको हुँ।

***(स्रोत : एमआर अनलाइन। सम्यक)***

# चीनको ताइपिङ किसान क्रान्ति

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

ताइपिङ विद्रोह, ताइपिङ क्रान्ति (The Taiping Revolution) वा स्वर्गीय किसान आन्दोलन वा किसान क्रान्तिको नाममा चीनको आधुनिक राजनैतिक इतिहासमा एक महत्त्वपूर्ण घटना हो । झन्डै १३-१४ वर्ष लामो त्यो किसान क्रान्ति चीनको सामन्तवाद र साम्राज्यवादविरोधी महाभारतजस्तै हो । चिनियाँ क्रान्तिमा यसको अत्यन्त ठूलो प्रभाव परेको थियो ।

सन् १८४० को अफिम युद्धपछि १८४२ मा नानकिङको सन्धि (Treaty of Nanking) मा हस्ताक्षर गर्न चीनको छिङ सरकार बाध्य भयो । त्यस सन्धिले शाङ्घाई (Shanghai), निङपो (Ningpo), अमोइ (Amoy), फूचोउ ( Foochou) र क्यान्टनका बन्दरगाहहरू विदेशीहरूको निम्ति खुले । विदेशी कपडाका सामान र अन्य उपभोग्य वस्तुहरू चीनको बजारमा बाढीजस्तै पस्यो । वर्षको करोडौं करोड स्टर्लिङ पाउन्डको बेलायती धागो, कपडा र अन्य सामानहरू चीनको बजारमा देखियो । त्यसको अर्थ चीनको सुन र चाँदी विस्तारै बेलायततिर ओसारियो ।

चिनियाँ गरिब जनता चिनियाँ सामन्त र जमिनदारवर्गको साथै विदेशी साहुमहाजन वा विदेशी पुँजीपतिबाट समेत शोषित भए । देशको अत्यन्त ठूलो भूमिको भाग अर्थात् ७०-८० प्रतिशत भूमि अल्पसङ्ख्यक भूमिपतिहरूको हातमा थियो भने अत्यन्त बहुमत किसान जनता भूमिहीन थिए वा भूमिको सानो भागको मात्रै तिनीहरू मालिक थिए ।

त्यस्तो अवस्थामा चिनियाँ समाजमा विदेशी पुँजीवादी आक्रमण र सामन्ती समाजको विरोधमा अनेक गुप्त सङ्गठनहरू विकास भयो । त्यसमध्ये 'स्वर्ग र पृथ्वी समाज' (Tien Ti Hui), त्रिशूल ( Triads) अथवा त्रिपक्षी (San Tian Hui), 'सेता कमल' (Pai Lien Chiao), 'स्वर्गीय उद्देश्यको समाज' (Tien Li Chiao), होनान (Honan), अन्हु लेइ (Anhu lei) र शान्तुङ (Shantung) प्रान्तका किसान सङ्गठनहरू र शाकाहारी समाज (Society of Vegetarians), 'ईश्वर पुजन समाज' (Pai Shang Ti Hui) आदि विभिन्न प्रान्तहरूमा सक्रिय थिए । क्वाङसि (Kuangsi), क्वाङतुङ (Kuangtung), हुनान (Hunan) आदि सङ्गठनहरू प्रान्तहरूमा सशस्त्र विद्रोह हुँदै गयो । ती सङ्गठनहरूमा किसान, शिल्पकार, हस्तकलाका मजदुर, सहर र गाउँका श्रमिक, घुमन्तु जातजाति, गोल बनाउने किसानहरू, कुम्हाले, जोताहा आदि सदस्य थिए ।

ती विभिन्न सङ्गठनहरूका नेताहरूजस्तै 'ईश्वर पूजन समाज' का नेता हुङ स्यु च्युन ( Hung Hsiu-Chuan) क्वाङतुङ प्रान्तको एक किसान परिवारमा १ जनवरी १८१४ मा जन्मेका थिए । १८ वर्षको उमेरमा उनी गाउँका एक शिक्षक थिए । उनी त्यहाँका एक बुद्धिजीवीमा गनिन्थे । उनी पुराना साहित्य र संस्कारहरूमा आलोचनात्मक दृष्टिकोण राख्थे । उनी राजा-महाराजाहरूलाई 'नर्कका राक्षसहरू' को रूपमा चित्रण गर्थे ।

सन्१८४५-४६ मा हुङ स्यु च्युनले 'मुक्तिको सिद्धान्त', 'संसारलाई जगाउने सिद्धान्त' र 'संसारलाई उठाउने सिद्धान्त' जस्ता क्रान्तिकारी लेखहरू लेखे ।

सन् १८५० को जून र जुलाई महिनामा हुङ स्यु च्युनले १०,००० जना पुरुष र महिलाहरूलाई सैनिक तालिम दिए । उनले ११ जनवरी १८५१ मा क्वाङसी (Kuangsi) को चिनतीन (Chintien) गाउँमा 'ताइपिङ स्वर्गीय अधिराज्य' (Taiping Tian Kuo) घोषणा गरे ।

**घोषणा गरेका पाँच नियमहरू**

१) स्वर्गीय नियम, आदेश र अन्य ऐन नियमहरू पालन गर,

२) लोग्नेमानिस र स्वास्नीमानिसहरूको पल्टन फरक राख,

३) जनताको सानोभन्दा सानो हितलाई उल्लङ्घन गर्न मनाही गर,

४) निःस्वार्थी र मित्रवत हुनु र अफिसरहरूको आज्ञापालन गर्नु,

५) सहयोगी होऊ र लडाइँमा कहिल्यै पछि नहट्नु ।

विभिन्न प्रान्तका गुप्त समाजका नेताहरूले हुङ स्यु च्युनलाई समर्थन गरेको खबरले छिङ सरकार तर्स्यो । तर, ताइपिङ विद्रोहीहरूले जमिनदारहरूको सम्पत्ति जफत गरे तथा तिनीहरूलाई पैसा र अन्न चन्दा दिन बाध्य पारे । जमिनदारहरूको घरहरूमा खानतलासी गर्थे, त्यहाँबाट अन्न र सुँगुरहरू लान्थे र किसानहरूलाई बाली नतिर्न आह्वान गर्थे ।

ताइपिङ विद्रोहले नयाँ पात्रो अर्थात् 'स्वर्गीय पात्र' प्रचार गर्यो र तीनबुँदे महत्त्वपूर्ण घोषणा गर्यो -

क. ताइपिङ सेनाले स्वर्गको आदेशको पालना गर्छ,

ख. बुद्धको मूर्ति, राक्षस र नर्कको राजा र छिङ शासकहरू सबै उस्तै छन् । तिनीहरू सबै जनताका शत्रु र दुश्मन हुन् । जनताले शस्त्र उठाउनुपर्छ र स्वर्गको पक्षमा दानवहरूलाई सिध्याउनुपर्छ र

ग. छिङ सरकारले घृणित अपराधहरू गरेको छ । जनतालाई निर्दयतापूर्वक शोषण गर्ने अधिकारीहरूले संसारलाई शासन गर्छन् । पद किन्न सकिन्छ र घूसले सजाय कम गर्न सकिन्छ । धनीहरू सत्तामा छन् । वीरहरूको निम्ति कुनै भविष्य र आशा छैन । दक्षिणका सबै बाँसहरूको कागज बनाई लेखे पनि तिनीहरूको फोहर वा पापलाई बयान गर्न सकिन्न, पूर्वी समुद्रको सबै छालहरूलाई प्रयोग गरे पनि स्वर्गलाई गरेको पापलाई पखाल्न सक्नेछैन ।

हामी जमिनदारहरूका सबै सशस्त्र शक्तिहरूलाई सूचना दिन्छौं, तिनीहरू बिउँझिने बेला आएको छ । वीरहरू तथा लडाकुहरू उठ्नेछन् र हरेक प्रान्तमा क्रान्तिकारी झन्डालाई उठाउनेछन् भन्ने हामी आशा गर्छौं । 'स्वर्ग र पृथ्वी समाज' र ताइपिङ विचार र भावनाले एक भई छिङ वंशलाई समाप्त पार्नेछन् ।

ताइपिङ विद्रोहीहरू चारैतिर फैलिँदै गए र तिनीहरू हजारौंबाट लाखौं सङ्ख्यामा बढ्दै गए । तिनीहरूले 'पवित्र भकारी', 'पुरुष शिविर', 'महिला शिविर', बिरामीलाई उपचार गर्ने वैद्य र औषधालयहरूको बन्दोबस्त गरे ।

आनह्वी (Anhuei) र वाहु (Wahu) माथि विजय प्राप्त गर्दै ताइपिङ सेना २९ मार्च १८५३ को दिन पुरानो शाङ्घाई र नानकिङ ( Nanking) प्रवेश गर्यो । एक लाखभन्दा बढी जनतासँग हुङ स्यु-च्युन नानकिङ प्रवेश गरे तथा त्यसको नाम टिनचिङ (Tienching) राखियो । त्यसबेलासम्म ताइपिङको सेना १० लाख पुगेको थियो । १३,१२५ लडाकुको दल त्यस सेनाको मातहतमा थियो । महिलाहरू पनि लडाकु दस्तामा थिए । भिडन्तमा जान नसक्नेहरूले सामान बोक्थे, बाँसका चुच्चे हतियारहरू बनाउँथे, खाडल खन्थे र खाना पकाउँथे । केटाकेटीहरूको छुट्टै दल थियो, तिनीहरूले लडाइँमा ठूलाहरूलाई मद्दत गर्थे, उत्साह देखाउँथे र गुप्ती काम गर्थे ।

ज्येष्ठ नागरिकहरूले आ-आफ्नो शारीरिक क्षमताअनुसार सडक सफा गर्ने, राति पालो बस्ने आदि काम गर्थे, महिलाहरूले कार्चोपी भर्ने, बाँसको काम गर्ने, बाली भित्र्याउने, नुन र अन्न ओसार्ने, ढल खन्ने आदि काम गर्थे । राजधानीमा पनि 'पवित्र भकारी' को राम्रो बन्दोबस्त गरियो । वितरण प्रणाली एक प्रकारले अति समानतावादी ढङ्गको थियो । तर, स्वाभाविक रूपले त्यो बन्दोबस्त अव्यवहारिक हुने सम्भावना थियो ।

ताइपिङ विद्रोहको आफ्नो सैनिक, राजनैतिक, आर्थिक र सामाजिक नियम थियो । आफ्नै 'भूमि व्यवस्था' लागू गरियो । सामन्ती भूमि व्यवस्था उन्मूलन गरियो । सकेसम्म खेती उत्पादन समान हुने ढङ्गले नयाँ भूमि व्यवस्था लागू गरियो । परिवारका हरेक व्यक्तिले जग्गा पाउने बन्दोबस्त गरियो । लोग्नेमानिस र स्वास्नीमानिसबिच आर्थिक रूपले समानताको सिद्धान्तलाई स्वीकार गरिएको थियो ।

ताइपिङहरूले नानकिङलाई राजधानी बनाएपछि अन्य नगरहरूसमेत कब्जा गरी उत्तर र पश्चिममा पनि विजय पाउने अभियान सुरु गरे । ठूलठूला लडाइँहरू भए, बहादुरीपूर्वक तिनीहरूले आफ्नो विजयको झन्डा फहराउँदै गए । छिङ सरकारले पुनः याङसी नदीको उत्तर र दक्षिणतिरबाट धावा सुरु गर्यो । चौतर्फी लडाइँमा हार र जीत हुँदै गए, ताइपिङको तर्फबाट पनि अनेक वीरहरू बलिदान भए र विश्वासघातीहरू पनि देखिए । चिनियाँ राजनैतिक इतिहासमा ताइपिङ विद्रोह वा क्रान्ति आफैं एउटा महाभारत थियो । त्यसले 'सरकारलाई नयाँ निर्देशन' जस्ता कार्यक्रम पनि घोषणा गर्यो ।

संसारका अन्य लडाइँ र राजनैतिक सङ्घर्षमा जस्तै शत्रुहरूले आन्तरिक मनमुटाव र मतभेदलाई चर्काइ भेदनीतिमार्फत पराजित गर्ने गरे तथा ताइपिङभित्रको झगडाबाट शत्रुहरूले पनि फाइदा लिँदै गए ।

विश्वासघाती र महत्त्वकाङ्क्षीहरू देखिए र शत्रुसित मिलेर आफ्नै सेनामा हत्याकाण्डहरू मच्चाए ।

**दोस्रो अफिम युद्ध**

चीनको छिङ सरकार र ताइपिङ विद्रोहीबिच भीषण सङ्घर्ष भइरहेको थियो । छिङ सरकार अत्यन्त अप्ठेरोमा थियो । बेलायत, फ्रान्स र अमेरिकाले अक्टोबर १८५६ मा उत्तर र दक्षिणमा आक्रमण गरे । त्यसलाई चिनियाँ इतिहासमा दोस्रो अफिम युद्ध भनिन्छ ।

पेइचिङको सुन्दर ग्रीष्म दरबार (Yuan Ming Yuan-Summer Palace) लाई विदेशी आक्रमणले ध्वस्त पार्यो ।


१८६० जुलाई २ अगस्ट महिनामा बेलायती फ्रान्सेली र अमेरिकीहरू मिलेर साङ्घाई क्षेत्रमा ताइपिङ क्रान्तिकारी क्षेत्रमाथि आक्रमण गर्यो र विद्रोहीहरूलाई छिङ सरकारसँग अक्टोबरमा येनसिन सन्धि (Treaties of Tientsin) गराउन बाध्य पारे । त्यस सन्धिले १० वटा नयाँ बन्दरगाहहरू विदेशीको निम्ति बोल्यो, विदेशीहरूले चीनमा स्वतन्त्र व्यापार गर्न पाउने भए, पारवहन कर हटाइयो, धर्म प्रचार गर्न पाउने, चर्च बनाउन पाउने र २० लाख सुनको ईंटा वा मुद्रा क्षतिपूर्ति दिन छिङ सरकार बाध्य भयो ।

ताइपिङहरूले विदेशीहरूको निम्ति १० वटा बन्दरगाहहरू खोल्ने खालको सन्धि गर्न मानेका थिएनन् । तर, चेन यु-चेङ (Chen Yu–Chang) भन्ने १४ वर्षका एकजना 'बाल सैनिक' लडाइँके सिलसिलामा एक सेना नायकको रूपमा उदय भयो । आनकिङ (Anking) को पतनपछि उनी उत्तरको अभियानमा लागे । चेन यु-चेङ केही साथीहरूसँग शोउचोउ ( Shouchow) नगरमा प्रवेश हुँदा उनी शत्रुसँग मिलेको विश्वासघातीले गर्दा छिङ सरकारको गुटबाट उनी पकाउ परे ।

चेन यु-चेङलाई समर्पण गराउन खोज्दा उनले भगुवाहरूको अगाडि नझुक्ने र आत्म सम्मानको निम्ति आफू मर्न तयार रहेको बताए । ४ जून १८६२ मा उनी होनान (Honan) प्रान्तको ऐन्चिन (Yanchin) मा मारिए । त्यसबेला उनी भर्खर २६ वर्षका थिए । यस्ता वीरहरू ताइपिङमा धेरै थिए ।

साङघाई र निङपोमा विदेशीहरूले नयाँ-नयाँ हातहतियार थपे । नयाँ नयाँ सेना र जहाजहरूको प्रयोगले ताइपिङ विद्रोहलाई क्षति पुऱ्यायो । तर, ताइपिङ विद्रोहीहरू विदेशीका सहयोगी सरकार र साम्राज्यवादीहरूसँग नझुकी सङ्घर्ष गर्दै गए ।

देशी र विदेशीहरू एक हुँदा १८६२ पछि ताइपिङहरूको निम्ति स्थिति झन्झन् गाह्रो हुँदै गयो, राजधानी थिनचिङलाई कियाङसु ( Kiangisu) प्रान्त र चेकियाङ (Chekiang)




प्रान्त दुवैतिरबाट घेरिँदै गयो । ताइपिङभित्रै पनि अनेक घात - प्रतिघात देखियो ।

१८६४ मई महिनामा ताइपिङको अन्तिम गढ दक्षिणी कियाङसुको पतन भयो । १ जून १८६४ मा ताइपिङ स्वर्गीय अधिराज्यका नेता हुङ स्यु च्युनको बिरामीको कारण मृत्यु भयो ।

हुङ स्यु च्युनको मृत्युपछि उनको १६ वर्षे जेठो छोरो हुङ तीनकुइ फु (Hung Tienkuai–Fu) लाई स्वर्गीय राजाको उत्तराधिकारी घोषणा गरियो । राजधानीलाई चारैतिर छिङ सेनाले घेरेको थियो भने भित्र खानेकुराको पूर्ण अभाव हुँदै गयो ।

जुलाई १८६४ मा शत्रु सेना नगरभित्र पस्यो र दुवैतिर भीषण सङ्घर्ष भयो । ताइपिङ क्रान्तिकारीहरू अन्तिम व्यक्ति र अन्तिम सास भएसम्म सङ्घर्ष गर्दै मरे ।

देशी र विदेशी प्रतिक्रियावादी सेनाले लुटपाट र निर्मम हत्याकाण्ड मच्चाउँदै गयो । सुन्दर सहरलाई आगो लगाइदियो । ७ दिनपछि सहर खरानीमा परिणत भयो ।

१० जनवरी १८६८ किसान सेनाको नेता लाई वेन क्वाङ (Lai Wen Kuang) शान्तुङ ( Shantung) को याङचो (Yangchow) मा पकाउ परे र मारिए ।

१८६७ को सुरुमा चाङ त्सुङ-यु (Chang Tsung-Yu) को किसान विद्रोही सेना शान्सी ( Shansi) प्रान्तको सियान (Sian) को नजिक छिङ सरकारको सेनासँग भिड्यो ।

यो सेना १८६८ अगस्तमा शान्तुङ ( Shantung) प्रान्तको चिहपिङ (Chihping) मा पराजित भयो । स्वर्गीय राजधानी पतनको ४ वर्षपछिसम्म किसान सेना चीनको विभिन्न प्रान्तका शत्रुमाथि धावा बोल्दै शत्रुलाई छकाउँदै र थकाउँदै लड्दै रह्यो ।

ताइपिङ स्वर्गीय अधिराज्यको आन्दोलन चिनियाँ इतिहासमा सबैभन्दा ठूलो एक किसान क्रान्ति थियो । राजनैतिक र सैनिक नेतृत्वमा मतभेद, राजनैतिक र सैनिक गल्तीहरू तथा देशी र विदेशी प्रतिक्रियावादीहरूको संयुक्त हमलामा त्यो क्रान्तिकारी सेना टिक्न सकेन ।

त्यो क्रान्ति पूरा किसान क्रान्ति भएको हुँदा अर्ध-उपनिवेश र अर्ध सामन्ती समाजको स्थितिमा सर्वहारावर्गको नेतृत्व थिएन ।

१८५१ देखि १८६४ सम्मको ताइपिङ विद्रोह छिङ सरकार र जमिनदारवर्ग एवं साम्राज्यवादी आक्रमणहरूको निम्ति ठूलो प्रहार थियो ।

त्यसरी नै क्विचाओ (Kweichow) प्रान्तका म्याओ (Miao) जाति, युनान (Yunnan) प्रान्तका हुई (Hui) जातिका जनता र किसान जनताले छिङ सरकार र विदेशी आक्रमणहरूको विरोधमा सङ्घर्ष गर्दै रहे ।

**स्रोत : चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू**





दक्षिणी इजरायलको इराद नगरमा इजरायलका परमाणु परियोजनालाई लक्ष्य गरी इरानले गरेको मिसाइल हमलामा परी क्षतिग्रस्त भएका परियोजना परिसरका आवासीय भवनहरू मार्च २२, २०२६ का दिन । *तस्बिर : एपी/ओहाद ज्विगेन्वर्ग*

# होर्मुज तनाव चर्किंदै, प्रत्याक्रमणको चेतावनी

तेहरान, ८ चैत (एएफपी) । मध्यपूर्वमा बढ्दो सैन्य तनावबिच इरानले अमेरिकी चेतावनीको कडा प्रतिवाद गर्दै आफ्ना पूर्वाधारमा कुनै पनि आक्रमण भए क्षेत्रभरिका रणनीतिक संरचनामाथि प्रत्याक्रमण गर्ने स्पष्ट सङ्केत दिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले होर्मुज जलडमरूमध्य खुला नगरे शक्तिशाली प्रहार गर्ने चेतावनी दिएसँगै परिस्थितिले थप जटिल मोड लिएको छ ।

ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममार्फत इरानलाई ४८ घण्टाको समयसीमा दिँदै जलडमरूमध्य खुला नगरे देशका प्रमुख पावर प्लान्टहरूलाई लक्षित गरी 'नष्ट गर्ने' चेतावनी दिएका छन् । त्यसको प्रत्युत्तरमा इरानको सैन्य परिचालन कमान्डले अमेरिकासँग सम्बन्धित ऊर्जा, सूचना प्रविधि तथा डिसेलिनेसन पूर्वाधारहरू क्षेत्रभरि निशानामा पर्ने चेतावनी दिएको छ ।

यसैबिच, इरानले आफ्नो नतान्जस्थित आणविक स्थलमा भएको इजरायली आक्रमणपछि दक्षिणी इजरायलका अराद र डिमोना सहरमा क्षेप्यास्त्र प्रहार गरेको छ । इजरायली हवाई सुरक्षालाई पार गर्दै प्रहार गरिएका मिसाइलहरूले आवासीय संरचनामा क्षति पुऱ्याएका छन् भने १०० भन्दा बढी मानिस घाइते भएको बताइएको छ । डिमोनामा रहेको संवेदनशील आणविक क्षेत्रमा नजिकै प्रहार हुँदा थप चिन्ता



बढेको छ, यद्यपि इजरायलले आफ्नो आणविक क्षमताबारे औपचारिक रूपमा स्वीकार गरेको छैन ।

इजरायलले यसको जवाफस्वरूप तेहरानमा नयाँ हवाई आक्रमण सुरु गरेको जनाएको छ । तीन हप्तादेखि जारी द्वन्द्वमा यो आक्रमण सबैभन्दा विनाशकारीमध्ये एक मानिएको छ । अरादमा विस्फोटपछि उद्धारकर्मीहरूले भग्नावशेषबाट घाइतेहरूको खोजी गरिरहेका दृश्यहरू सार्वजनिक भएका छन् । स्थानीय बासिन्दाहरूले विस्फोटको भयावह अनुभव सुनाएका छन् ।

यस तनावको केन्द्रमा रहेको होर्मुज जलडमरू विश्व अर्थतन्त्रका लागि अत्यन्त महत्त्वपूर्ण मार्ग हो । यहाँबाट विश्वको झन्डै पाँचौं भाग कच्चा तेल ओसारपसार हुने गर्दछ । हालको अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य प्रतिब्यारेल १०५ डलरभन्दा माथि पुगेको छ, जसले आर्थिक अस्थिरताको सङ्केत दिएको छ ।

ट्रम्पले नाटो सहयोगीहरूको आलोचना गर्दै जलडमरू कब्जा गर्न सक्रिय भूमिका खेल्न आग्रह गरेका थिए । बेलायत, फ्रान्स, इटाली, जर्मनी, दक्षिण कोरिया, अस्ट्रेलिया, संयुक्त अरब इमिरेट्स र बहराइनसहित २२ राष्ट्रले इरानद्वारा जलमार्ग अवरुद्ध गरिएको भन्दै विरोध जनाएका छन् ।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार हालै इरानका तटीय भूमिगत संरचनामाथि बङ्कर-बस्टिङ बम प्रहार गरिएको छ, जसले इरानको समुद्री मार्ग नियन्त्रण क्षमतामा केही हदसम्म असर पारेको दाबी गरिएको छ । यसैबिच हजारौँ अमेरिकी सैनिकहरू मध्यपूर्वतर्फ परिचालन भइरहेका छन् ।

इरानले खाडी क्षेत्रका देशहरूलाई पनि निशाना बनाउँदै आएको छ । साउदी अरेबियाले रियाद नजिक तीनवटा ब्यालेस्टिक मिसाइल फेला परेको र तीन ड्रोन खसालिएको जनाएको छ । संयुक्त अरब इमिरेट्सले पनि इरानी आक्रमणको प्रतिकार गरेको बताएको छ ।

विश्लेषकहरूका अनुसार इरानको सैन्य क्षमता अपेक्षा गरिएकोभन्दा बढी टिकाउ देखिएको छ । शीर्ष नेतृत्वमा क्षति पुगे पनि सरकार र सैन्य संरचनाले लचकता प्रदर्शन गरेको ठानिएको छ ।

यस तनावपूर्ण अवस्थाबिच इरानमा रमजानको अन्त्य र नौरोज पर्व मनाइएको छ । सर्वोच्च नेता परिवर्तनपछि सार्वजनिक रूपमा कम देखिएका छन् भने धार्मिक गतिविधिहरू अन्य नेतृत्वमार्फत सम्पन्न भइरहेका छन् । सर्वसाधारणले नयाँ वर्ष मनाइरहँदा युद्धको त्रासले वातावरण गम्भीर बनेको अनुभव गरेका छन् ।

# 'व्यापार विस्तार' मा चीनको जोड

पेइचिङ, ८ चैत (एएफपी) । विश्वव्यापी व्यापारमा बढ्दो तनाव र संरक्षणवादी नीतिहरूबिच चीनले आफूलाई खुला अर्थतन्त्रको पक्षधरका रूपमा प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय 'व्यापार पाइ' विस्तारमा सक्रिय भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरेको छ । चिनियाँ प्रधानमन्त्री ली छियाङले आइतबार पेइचिङमा आयोजित एक उच्चस्तरीय मञ्चमा यस्तो धारणा राख्नुभएको हो ।

चीनको दोस्रो वरीयताका नेतासमेत रहेका उहाँले देशले उच्चस्तरीय खुलापनलाई निरन्तर अगाडि बढाउने, गुणस्तरीय विदेशी वस्तुहरूको आयात विस्तार गर्ने तथा सन्तुलित र समन्वित व्यापार वृद्धिका लागि अन्य देशहरूसँग सहकार्य गर्ने बताउनुभयो । उहाँले विश्व अर्थतन्त्रलाई समग्र रूपमा ठूलो बनाउने दिशामा चीन तयार रहेको पनि स्पष्ट पार्नुभयो ।

प्रधानमन्त्री लीले वार्षिक चाइना डेभलपमेन्ट फोरमको उद्घाटन सत्रमा बोल्दै बढ्दो एकपक्षीयता र संरक्षणवादप्रति असन्तुष्टि व्यक्त गर्नुभयो । उहाँका अनुसार यस्ता प्रवृत्तिहरूले विश्व व्यापारका चुनौतीहरू समाधान गर्ने प्रभावकारी माध्यम प्रदान गर्न सक्दैनन् र बरु जटिलता थप्छन् ।

उक्त मञ्चमा एप्पलका प्रमुख कार्यकारी अधिकृत टिम कुकसहित विश्वका प्रमुख बहुराष्ट्रिय कम्पनीका उच्च अधिकारीहरूको सहभागिता रहेको थियो । यसले चीनसँगको आर्थिक सहकार्यप्रति अन्तर्राष्ट्रिय चासो कायमै रहेको सङ्केत गर्दछ ।

चीनका प्रमुख व्यापारिक साझेदारहरूले पछिल्लो समय पेइचिङमाथि व्यापार अधिशेष घटाउन दबाब दिइरहेका छन् । यद्यपि, यस वर्षको पहिलो दुई महिनामा चीनको व्यापार झन्डै पाँचौं भागले वृद्धि भएको आधिकारिक तथ्याङ्कले देखाएको छ, जसले पूर्वानुमानलाई समेत उछिनेको छ ।

कोभिड-१९ महामारीपछि कमजोर बनेको आन्तरिक अर्थतन्त्रलाई पुन: सन्तुलनमा ल्याउने प्रयासमा रहेको चीनले विशेषगरी घरेलु उपभोग वृद्धि गर्न ध्यान केन्द्रित गरेको छ । यद्यपि, उपभोक्ता गतिविधिमा सुस्तता कायम रहेकाले निर्यात वृद्धिले अर्थतन्त्रलाई केही राहत दिएको छ ।

यसैबिच, अमेरिकासँगको व्यापारिक तनाव अझै कायम छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनसहितका देशहरूमा कर लगाउने नीति अघि बढाएपछि गत वर्ष दुई देशबिच व्यापार युद्ध चर्किएको थियो, जसको प्रभाव अझै विश्व अर्थतन्त्रमा देखिन्छ ।

मध्यपूर्वमा इरानमाथि अमेरिका र इजरायलको आक्रमणपछि उत्पन्न द्वन्द्वले पनि विश्व व्यापार र ऊर्जा सुरक्षामा असर पारिरहेको छ । विशेषगरी तेल आपूर्तिमा निर्भर चीनका लागि यो अवस्था थप संवेदनशील बनेको छ ।

प्रधानमन्त्री लीले अन्तर्राष्ट्रिय नियममा आधारित व्यापार प्रणाली अहिले शक्तिको राजनीति र अस्थिरताबाट प्रभावित भइरहेको उल्लेख गर्दै यसलाई सुदृढ बनाउन सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो ।

यसअघि शनिबार चिनियाँ उपप्रधानमन्त्री हे लिफेङले एचएसबिसी, युबिएस, स्नाइडर इलेक्ट्रिक र स्ट्यान्डर्ड चार्टर्डजस्ता बहुराष्ट्रिय कम्पनीका वरिष्ठ प्रतिनिधिहरूसँग भेटवार्ता गर्दै आर्थिक सहकार्यका विषयमा छलफल गर्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# युद्ध सुरु भएदेखि ८० हजारभन्दा बढी नागरिक स्थलमा आक्रमण

तेहरान,८ चैत (सिन्ह्वा) । संयुक्त राज्य अमेरिका र इजरायलले इरानविरुद्धको युद्ध सुरु भएदेखि ८० हजार भन्दा बढी नागरिक स्थलमा आक्रमण गरेका बताइएको छ । विदेशी सञ्चारकर्मीहरूसँगको सम्बोधनमा यी आक्रमणहरूले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरेको बताएको छ ।

उपलब्ध विवरणअनुसार, आक्रमण गरिएका संरचनामध्ये २० हजार भन्दा बढी तेहरानमा रहेका छन् भने ६० हजारभन्दा बढी अन्य स्थानमा छन् । करिब १८ हजार ७९० व्यापारिक स्थलमा आक्रमण भएको, २६६ स्वास्थ्य संस्था प्रभावित भएको र ४९८ विद्यालय निशानामा परेको जनाइएको छ ।

आक्रमणका कारण १२ जना स्वास्थ्यकर्मीको मृत्यु भएको र ९० भन्दा बढी घाइते भएका छन् । साथै, बालबालिका र २३१ महिलासहित सयौँ सर्वसाधारणले ज्यान गुमाएका छन् । विभिन्न सञ्चारमाध्यमका अनुसार युद्धमा कुल मृतक सङ्ख्या एक हजार ५०० भन्दा बढी पुगेको अनुमान गरिएको छ ।

गत फेब्रुअरी २८ मा इजरायल र संरा अमेरिकाले संयुक्त रूपमा तेहरानलगायत इरानका विभिन्न शहरहरूमा आक्रमण सुरु गरेका थिए, जसमा इरानका पूर्व सर्वोच्च नेता अली खामेनेईसहित उच्च सैन्य अधिकारी र सर्वसाधारणको मृत्यु भएको बताइएको छ । त्यसको जवाफमा इरानले इजरायल र मध्यपूर्वमा रहेका अमेरिकी अड्डाहरूलाई लक्षित गर्दै मिसाइल र ड्रोन आक्रमण गरेको जनाएको छ ।

# इरानी प्रहारले विश्वव्यापी ऊर्जा र सुरक्षा ढाँचा चुनौतीमा

तेहरान,८ चैत (एपी) । इरानी मिसाइलहरूले इजरायलको मुख्य आणविक अनुसन्धान केन्द्र नजिक पर्ने डिमोना र अराद शहरमा प्रहार गरेका छन्, जसका कारण भवनहरू क्षतिग्रस्त भएका र दर्जनौं व्यक्ति घाइते भएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यदि इरानले स्ट्रेट अफ हर्मुज खोल्दैन भने अमेरिका इरानी पावर प्लान्टहरू ध्वस्त गर्ने चेतावनी दोहोऱ्याएका छन् । यो स्ट्रेट विश्व तेल आपूर्तिको लागि अत्यन्त महत्वपूर्ण मार्ग मानिन्छ ।

इरानी प्रहार इजरायलले अघिल्लो दिन नतन्ज आणविक साइटमाथि भएको कारबाहीको जवाफमा आएको हो । डिमोना आसपास मिसाइल रोक्न इजरायली सेना असफल भएको पहिलो घटना हो, जसले युद्धको नयाँ, खतरनाक चरण सुरु भएको सङ्केत दिएको छ ।

त्यसैगरी, इरानले डिएगो गार्सिया अमेरिकी-यूके मिलिट्री बेसमा पनि मिसाइल परीक्षण गरेको छ, जसले इरानी मिसाइल क्षमताको दायरालाई देखाउँछ ।

मध्यपूर्वमा जारी द्वन्द्वले विश्वव्यापी ऊर्जा आपूर्ति र तेल मूल्यहरूमा प्रभाव पारिरहेको छ । सुरक्षा विशेषज्ञहरूले यस घटनालाई वैश्विक आणविक स्थिरताका लागि ठूलो चुनौतीका रूपमा मूल्याङ्कन गरेका छन् ।

# संयुक्त राज्य अमेरिका विश्व ऊर्जा बजारमा प्रभुत्व जमाउने प्रयासमा: रसियाली परराष्ट्रमन्त्री



मस्को, ८ चैत (सिन्ह्वा) । रसियाली परराष्ट्रमन्त्री सेर्गेई लाभरोभले संयुक्त राज्य अमेरिका विश्व ऊर्जा बजारमा आफ्नो प्रभुत्व स्थापित गर्न रणनीति बनाइरहेको बताउनुभएको छ । उहाँले एक अन्तरवार्तामा भन्नुभयो, "संयुक्त राज्य अमेरिका केवल आफ्नो हितको ख्याल गर्छ । उनीहरू आफ्नो समृद्धि जोगाउन कुनै पनि उपाय अपनाउन तयार छन् - चाहे त्यसमा विदेशी देशमा कू गर्न, नेताहरूको अपहरण गर्न वा हत्या गर्नुपरे पनि । यी सबै कार्य तेल र ऊर्जा स्रोतसँग प्रत्यक्ष सम्बन्धित छन् ।"

मन्त्री लाभरोभले अमेरिकाले सधैँ आफ्नो राष्ट्रिय हितलाई अन्तर्राष्ट्रिय नियम र सम्झौताभन्दा माथि राख्ने नीति अपनाउँदै आएको बताउनुभएको छ । उनले भन्नुभयो,"संयुक्त राज्य अमेरिका रूसलाई युरोपेली ऊर्जा बजारबाट सीमित बनाउन सधैँ स्वागत गर्दै आएको छ र अझै पनि यसलाई निरन्तरता दिइरहेको छ ।"

उहाँले थप स्पष्ट पार्दै रूससँग सहकार्य गर्न चाहने अमेरिकाले पहिलो चरणमा रूसका हितको सम्मान गर्नैपर्ने बताउनुभयो । लाभरोभले जोड दिनुभयो, "दुई देशबिच समान र पारस्परिक हितको आधारमा मात्र दीर्घकालीन सहकार्य सम्भव छ ।"

यस अन्तरवार्तामा लाभरोभले अमेरिका र अन्य पश्चिमेली देशहरूको ऊर्जा नीतिको आलोचना गर्दै वर्तमान समयमा विश्व ऊर्जा बजारमा शक्ति सन्तुलनको समस्या रहेको बताउनुभयो । उहाँले प्राकृतिक स्रोत भएका देशहरूको स्वतन्त्रता र स्वामित्वलाई चुनौती दिने प्रयासले अन्तर्राष्ट्रिय तनाव बढाउने सम्भावना रहेको बताउनुभयो ।

रसियाली परराष्ट्र मन्त्रालयको अनुसार, लाभरोभले यस विषयमा अन्तर्राष्ट्रिय समुदायलाई पनि सचेत गराउन चाहनुभएको छ, ताकि ऊर्जा स्रोतको उपयोग र बजार व्यवस्थापनमा न्यायपूर्ण दृष्टिकोण अपनाइयोस् ।

# विश्व पानी दिवस : "जहाँ पानी बग्छ, त्यहाँ समानता बढ्छ"

✍ डा. गङ्गादत्त नेपाल

विश्व पानी दिवस संयुक्त राष्ट्रसङ्घले १९९० को दशकबाट मनाउन सुरु गरिएको हो । यस वर्ष सन् २०२६ को नारा 'जहाँ पानी बग्छ: त्यहाँ समानता बढ्छ' भन्नेछ । संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा रहेको यो विषयवस्तुले 'जहाँ मानिसहरूलाई सुरक्षित पिउने पानी र सरसफाइको मानवअधिकारको अभाव हुन्छ, त्यहाँ असमानता फस्टाउँछ', जसको कारण महिला र बालिकाहरूले दु:ख भोग्छन् भन्ने तथ्यलाई प्रष्टयाएको छ । विश्वको करिब ७३ प्रतिशत -७५ प्रतिशत (सन् २०२२) जनसङ्ख्यामा (झण्डै ६ अर्ब मानिस)ले 'सुरक्षित रूपमा व्यवस्थित' खानेपानी प्रयोग गरिरहेका थिए, जसको अर्थ घरमै उपलब्ध, आवश्यक परेको बेला पाइने र प्रदूषणमुक्त पानी हो । यस प्रगतिका बाबजुद पनि अझै चार जनामध्ये एक जना (करिब २.२ अर्ब मानिस) सुरक्षित खानेपानीको पहुँचबाट वञ्चित छन्, विशेषगरी ग्रामीण तथा कमजोर अवस्थाका क्षेत्रहरूमा ठूलो असमानता देखिन्छ ।

दिगो विकास लक्ष्य- सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व अहिले सही मार्गमा छैन । उक्त लक्ष्य पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले वृद्धि गर्न आवश्यक छ । सन् २०१५ देखि २०२४ बिच सुरक्षित रूपमा व्यवस्थित खानेपानीको पहुँच ६८ प्रतिशतबाट बढेर ७४ प्रतिशत पुगेको छ ।

सन् २०३० को दिगो विकास लक्ष्य हासिल गर्न जलवायु सहनशील खानेपानी तथा जल पूर्वाधार अत्यावश्यक छ । वार्षिक रूपमा सयौँ अर्ब डलरबराबरको आर्थिक क्षति रोक्न पानी क्षेत्रमा अनुकूलनका लागि विश्वव्यापी लगानी उल्लेखनीय रूपमा बढाउन आवश्यक छ । जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्य रूपमा पानीमार्फत पर्छ- खडेरी, बाढी, हिमनदी पग्लिनु र पानी दूषित हुनुजस्ता माध्यमबाट । जीवन र अर्थतन्त्र जोगाउन जल व्यवस्थापन प्रणाली सुदृढ बनाउने, जलाधार क्षेत्र संरक्षण गर्ने र जलवायु सहनशील पूर्वाधारमा लगानी गर्ने अत्यन्त आवश्यक छ ।

जलवायु परिवर्तनले जलचक्रलाई तीव्र बनाउँदै खडेरी र बाढी दुवैको जोखिम बढाइरहेको छ । तापक्रम एक डिग्रीले बढ्दा वायुमण्डलले करिब सात प्रतिशत बढी आर्द्रता लिन्छ । परिणामस्वरूप धेरै क्षेत्रमा अत्यधिक वर्षाका घटनाहरूको आवृत्ति र तीव्रता बढेको छ । हाल विश्वको करिब चार अर्ब मानिसले वर्षमा कम्तीमा एक महिना गम्भीर पानी अभावको सामना गर्छन् । सन् २०५० सम्म करिब ५.७ अर्ब मानिस पानी अभाव भएका क्षेत्रमा बस्न बाध्य हुन सक्छन् । जलवायु परिवर्तनका कारण धेरै सुक्खा क्षेत्रहरूमा नवीकरणीय ऊर्जामा १०-३० प्रतिशतसम्म घट्ने अनुमान गरिएको छ । सन् २००० पछि बाढीसँग सम्बन्धित विपद् घटनाहरू अघिल्लो दुई दशकको तुलनामा धेरै बढेका छन् । झण्डै १.८ अर्ब मानिस उल्लेखनीय बाढी जोखिम भएका क्षेत्रमा बसोबास गर्छन् । समुद्री सतह बढ्दै जाँदा साना द्वीप र तटीय क्षेत्रका सुरक्षित पानीका स्रोतहरू जोखिममा परिरहेका छन् । तापक्रम वृद्धिका कारण विश्वभरका हिमनदीहरू तीव्र रूपमा पग्लिरहेका छन् ।

हिन्दूकुशजस्ता पर्वतीय क्षेत्रहरू: जसले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराइरहेको छ, हिउँ र बरफको मात्रा घटिरहेको छ । यदि विश्वव्यापी तापक्रम दुई डिग्री सेन्टिग्रेडसम्म पुग्यो भने हिमालय क्षेत्रका करिब एकतिहाइ हिमनदीहरू हराउन सक्छन् । पानीसँग सम्बन्धित विपद् घटनाहरूले विश्वका ७० प्रतिशत भन्दा बढी प्राकृतिक विपद् ओगटेका छन् । खडेरीले कृषि क्षेत्रलाई प्रभावित गर्दै खाद्य सुरक्षामा खतरा बढाउँछ र कुपोषण वृद्धि गर्छ ।

नेपालमा ९० प्रतिशत भन्दा बढी जनसङ्ख्यामा आधारभूत खानेपानीमा पहुँच भए पनि करिब १९ प्रतिशत मानिसले मात्र प्रदूषणमुक्त र सुरक्षित रूपमा व्यवस्थित खानेपानी प्रयोग गरिरहेका छन् । उच्च ई-कोलाई प्रदूषणले पानीका स्रोतहरू प्रभावित भएका छन्, विशेषगरी गरिब समुदायमा, जहाँका प्राय: घरधुरीको पानी असुरक्षित हुनसक्छ ।

**खानेपानी र लैङ्गिक समानता**

विश्वमा करिब २.२ अर्ब मानिस अझै पनि सुरक्षित रूपमा व्यवस्थित खानेपानीबाट वञ्चित छन् । विश्वभर झण्डै चार जनामध्ये एक जनाको घरमै सुरक्षित पानीको पहुँच छैन । ग्रामीण, कमजोर र न्यून आय भएका समुदायहरूमा असमानता सबैभन्दा बढी देखिन्छ । जब प्रत्येक घरमा पानी बग्छ, अवसर पनि सँगै बग्छ । नेपालमा करिब १० प्रतिशत जनसङ्ख्या खानेपानीबाट



वञ्चित छन् भने करिब २० प्रतिशत जनसङ्ख्याको मात्र सुरक्षित खानेपानीमा पहुँच छ । विश्वभर महिला र बालिकाहरूले दैनिक करिब २० करोड घण्टा पानी सङ्कलनमा खर्च गर्छन् । घरमै पानीको सुविधा नभएका १० मध्ये आठ घरधुरीमा पानी ल्याउने मुख्य जिम्मेवारी महिला र बालिकाहरूको भएको परिप्रेक्ष्यमा: विद्यालयमा पानी र सरसफाइको अभावले बालिकाहरूको शिक्षामा असर पार्छ । जब पानी नजिकै हुन्छ, बालिकाहरू विद्यालयमा रहन्छन् । जब बालिकाहरू विद्यालयमा रहन्छन्, समानता बढ्छ ।

नेपालमा पानी (खानेपानी र सरसफाइ) र लैङ्गिक समानता आपसमा गहिरो रूपमा जोडिएका विषय हुन् । विशेषगरी ग्रामीण क्षेत्रमा पानीको पहुँच, व्यवस्थापन र निर्णय प्रक्रियामा महिलाको भूमिका महत्त्वपूर्ण भए पनि चुनौतीहरू अझै छन् । पानी सङ्कलनमा महिलाको भूमिका धेरै ग्रामीण परिवारमा पानी ल्याउने जिम्मेवारी मुख्यत: महिला र किशोरीहरूमा हुन्छ, टाढाबाट पानी बोक्नुपर्ने अवस्थाले समय, स्वास्थ्य र सुरक्षामा असर गर्छ, यसले विद्यालय जाने किशोरीहरूको पढाइमा पनि बाधा पुर्‍याउँछ । सुरक्षित खानेपानी र सरसफाइको अभावले महिलामा बढी स्वास्थ्य जोखिम (जस्तै: पानीजन्य रोग) बढाउँछ । महिनावारी सरसफाइका लागि विद्यालय र सार्वजनिक स्थानमा पर्याप्त पानी र शौचालयको अभावले किशोरीहरूको विद्यालय उपस्थितिमा असर गर्छ । स्थानीय खानेपानी उपभोक्ता समितिहरूमा महिलाको सहभागिता बढ्दै गएको छ । नेपालको संविधान र स्थानीय तहका नीतिहरूले महिला प्रतिनिधित्वलाई प्रोत्साहन गर्छन् । तर व्यवहारमा नेतृत्व तहमा अझै पुरुषको वर्चस्व देखिन्छ । नीतिगत प्रयासहरू: नेपालले पानी र सरसफाइ क्षेत्रमा लैङ्गिक समानता प्रवर्द्धन गर्न विभिन्न नीति र कार्यक्रम सञ्चालन गरेको छ: ग्रामीण क्षेत्रमा सुरक्षित पानी र महिलाको सशक्तीकरणमा काम गरिरहेको छ । खानेपानी मन्त्रालयले खानेपानी तथा सरसफाइ नीति र कार्यनीति कार्यान्वयन साथै युएन वुमनलगायतले लैङ्गिक समानता र महिला अधिकारका क्षेत्रमा सहयोग गरिरहेका छन् ।

**खानेपानी र स्वास्थ्य समानता**

असुरक्षित पानी, सरसफाइ र स्वच्छता अभावका कारण हरेक वर्ष सयौँ हजारको मृत्यु हुन्छ । पानीजन्य रोगहरूले विशेषगरी पाँच वर्षमुनिका बालबालिका र गरिब समुदायहरूलाई असमान रूपमा प्रभावित गर्छन् । अर्कोतर्फ, जलवायु परिवर्तनका कारण खडेरी र बाढी बढ्दै जाँदा पानी दूषित हुने समस्या झन् गम्भीर बन्दै गएको छ । नेपालमा करिब ९० प्रतिशत भन्दा बढी जनसङ्ख्या आधारभूत खानेपानी सेवामा पहुँच राख्छन्, तर सुरक्षित पानी सबै ठाउँमा उपलब्ध छैन । करिब ७५-८० प्रतिशत घरधुरीमा आधारभूत सरसफाइ सुविधा पुगेको छ, तर ग्रामीण-सहरी असमानता अझै छ । पानीजन्य रोग (जस्तै झाडापखाला) बालबालिकामा प्रमुख स्वास्थ्य समस्यामध्ये एक हो । ग्रामीण क्षेत्रमा महिलाले दैनिक १-३ घण्टा पानी सङ्कलनमा खर्च गर्न सक्छन् । विद्यालयमा सुरक्षित पानी र शौचालयको अभावले विशेषगरी किशोरीहरूको उपस्थितिमा असर पार्छ । जस्तै, असमानता: दुर्गम क्षेत्रमा सुरक्षित खानेपानीको कमी, गरिब र विपन्न समुदाय पाइप प्रणालीभन्दा टाढा बसोबास, लैङ्गिक पक्ष: पानी सङ्कलन र सरसफाइको जिम्मेवारी बढी महिलामा, तसर्थ सुरक्षित खानेपानी केवल पूर्वाधार होइन, यो जीवनरक्षक सुरक्षा हो ।

**खानेपानी र आर्थिक अवसर**

विश्वव्यापी रूपमा कुल सुरक्षित पानीको करिब ७० प्रतिशत कृषि क्षेत्रमा प्रयोग हुन्छ । पानी अभावले केही क्षेत्रमा आर्थिक वृद्धिदरलाई कुल गार्हस्थ उत्पादनको छ प्रतिशतसम्म घटाउन सक्छ । पानी र सरसफाइमा लगानी गरिएको प्रत्येक एक डलरले बहुगुणा आर्थिक प्रतिफल दिनसक्छ । नेपालको करिब ६५ प्रतिशत जनसङ्ख्या कृषि क्षेत्रमा निर्भर छ, सिँचाइ पहुँचले उत्पादन र आम्दानी सिधै बढाउँछ । कुल खेतीयोग्य जमिनमध्ये करिब ५० प्रतिशत जति जमिनमा मात्र सिँचाइ सुविधा पुगेको छ । सुरक्षित खानेपानी पहुँच करिब ९० प्रतिशत भन्दा बढी भए पनि सुरक्षित गरी व्यवस्थित सेवा सबैमा उपलब्ध छैन । पानीको अभावका कारण ग्रामीण महिलाले दैनिक १-३ घण्टा समय पानी सङकलनमा खर्च गर्न सक्छन् । यो समय आयआर्जनमा प्रयोग हुनसक्थ्यो । सिँचाइ पहुँच भएका किसानको उत्पादन बर्सेनि वर्षामा मात्र निर्भर किसानभन्दा बढी हुन्छ । जलविद्युत्, खानेपानी आयोजना र सिँचाइ परियोजनाले स्थानीय रोजगारी बढाउँछ । नजिकै सुरक्षित पानी उपलब्ध हुँदा महिलाको समय बचतबाट साना व्यवसाय, कृषि वा सीपमूलक काममा संलग्न हुन सक्छन् । पानीजन्य रोग कम हुँदा उपचार खर्च घट्छ र काम गर्ने दिन बढ्छ । तसर्थ, पानीले कृषि, व्यवसाय, ऊर्जा उत्पादन र जीविकोपार्जनलाई सशक्त बनाउँछ ।

**पानी, जलवायु र जोखिम**

जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्य रूपमा पानीमार्फत देखिन्छ: बाढी, खडेरी र हिमनदी पग्लिने प्रक्रियामार्फत हिन्दूकुश हिमालयजस्ता पर्वतीय प्रणालीहरूले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराउँछन्, तर त्यहाँका हिमनदीहरू तीव्र रूपमा घटिरहेका छन् । सबैभन्दा गरिब समुदायहरू पानीसम्बन्धी विपद् घटनाबाट सबैभन्दा पहिले र सबैभन्दा बढी प्रभावित हुन्छन् । नेपाल विश्वकै उच्च जलवायु जोखिम भएका देशमध्ये पर्छ, औसत तापक्रम बृद्धि: करिब ०.०५-०.०६ डिग्री सेन्टिग्रेड प्रति वर्ष (पहाडी क्षेत्रमा दर अझ बढी), करिब ८० प्रतिशत वार्षिक वर्षा मनसुन (जुन-सेप्टेम्बर) मा केन्द्रित- बाढी र पहिरो जोखिम उच्च, देशभर छ हजारभन्दा बढी नदी प्रणाली छन्; तर अत्यधिक वर्षाले तराईमा वार्षिक बाढी जोखिम दुई हजारभन्दा बढी हिमतालमध्ये करिब २० बढी हिमताल उच्च जोखिम (हिमताल विष्फोटको जोखिम)मा मानिन्छन्, प्रत्येक वर्ष मनसुनका कारण बाढी/पहिरोबाट सयौँको प्रभावित र ठूलो आर्थिक क्षति भइरहेको छ । मुख्य जोखिमहरू: बाढी- तराई र नदी तटीय क्षेत्र बढी प्रभावित, पहिरो (ाबलमकष्मिभ)- पहाडी तथा हिमाली क्षेत्रमा भारी वर्षापछि हिमताल फुट्ने जोखिम- हिमनदी पग्लँदै जाँदा जोखिम बढ्दो, खडेरी- वर्षा अनियमित हुँदा कृषि उत्पादन घट्ने । प्रभाव: कृषि उत्पादनमा अस्थिरता- खाद्य सुरक्षा जोखिम, खानेपानी स्रोत सुक्ने वा प्रदूषित हुने, पूर्वाधार (सडक, पुल, जलविद्युत्)मा क्षति, गरिब र ग्रामीण समुदाय सबैभन्दा बढी प्रभावित, जलवायु न्याय भनेको पानी न्याय पनि हो ।

तसर्थ, सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व सही मार्गमा छैन । दिगो विकास लक्ष्यहरू पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले बढाउन आवश्यक छ । यस परिप्रेक्ष्यमा समुदाय-आधारित खानेपानी व्यवस्थापनले असमानता घटाउन उल्लेखनीय परिणाम देखाएको छ । आजको विशेष दिनमा सबैमा 'विश्व पानी दिवस, २०२६' को हार्दिक शुभकामना !

***(लेखक खानेपानी सरसफाइ र जलवायु परिवर्तन विज्ञ तथा पूर्वउपाध्यक्ष, नीति तथा योजना आयोग, वाग्मती प्रदेशका हुन् ।)***

# परम्परागत ज्ञान र आधुनिक प्रविधिमार्फत हिमाली चरनभूमि संरक्षण गरिँदै

✍ भीष्मराज ओझा

परम्परागत ज्ञान र आधुनिक विज्ञानमार्फत मुलुकका उच्च हिमाली क्षेत्रमा रहेका चरनभूमिको संरक्षण गरिने भएको छ । चरनभूमिको संरक्षण गर्न 'नेपालका उच्च हिमाली चरनभूमि संरक्षणका लागि धार्मिक नेतृत्वको पुनर्जीवन' नामक चार वर्षे परियोजना सुरु गरिएको हो । यसका लागि नेपाल सरकारले विश्व वन्यजन्तु कोष ( डब्लुडब्लुएफ) नेपालको सहयोगमा उक्त परियोजना बिहीबारदेखि प्रारम्भ गरेको हो ।

यस परियोजनाको उद्देश्य कर्णाली प्रदेशस्थित डोल्पाको माथिल्लो दुर्गम क्षेत्रमा रहेका उच्च हिमाली चरनभूमिको संरक्षण गर्नु तथा स्थानीयको जीविकोपार्जन सुधार गर्नु, सांस्कृतिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्नुलगायत रहेका छन् । संयुक्त अधिराज्यको 'डर्विन इनिसिएटिभ' मार्फत वित्त पोषित यस सहकार्यले सरोकार भएका निकायको क्षमता उपयोग गर्दै सह-व्यवस्थापनको नवीन दृष्टिकोण अपनाउने छ । जसमा स्थानीय परम्परागत ज्ञान र आधुनिक विज्ञानको समन्वय गरिने जनाइएको छ ।

सन् २०२६ लाई 'चरनभूमि तथा पशुपालकको अन्तर्राष्ट्रिय वर्ष' का रूपमा मनाइँदैछ । नेपालको उच्च हिमाली चरनभूमिहरूले हजारौँ वर्षदेखि प्रकृति र मानव जीवनलाई धान्दै आएका छन् । यी चरनभूमि आम्दानीको महत्त्वपूर्ण स्रोत हुनुका साथै जनताका लागि जल सुरक्षाको सुनिश्चिततामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछन् । डोल्पासहित हिमाली क्षेत्रमा यी चरनभूमिले हिउँ चितुवालगायत विविध जैविक सम्पदालाई संरक्षण गर्छन् भने आदिवासी तथा स्थानीय समुदायका लागि सामाजिक-आर्थिक जीवनरेखाको रूपमा कार्य गर्नेछन् । बढ्दो मानवीय दबाब तथा जलवायु परिवर्तनका प्रभावले यी चरनभूमि प्रत्यक्ष जोखिममा परिरहेका छन् ।

डब्लुडब्लुएफ नेपालले देशका दुर्गम क्षेत्रमा रहेका वञ्चित समुदायसँग काम गर्ने सुदृढ अनुभव हासिल गरेको जनाएको छ । डब्लुडब्लुएफ नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङले 'डर्विन इनिसिएटिभ' को सहयोगमा यसअघि तराई क्षेत्रमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायको जीवनस्तर सुधारका कार्य गरिएको बताउनुभयो । "डोल्पाको माथिल्लो क्षेत्रमा सञ्चालन हुने यो नयाँ परियोजनामार्फत समुदायमा आधारित संरक्षण र जीविकोपार्जनलाई सुदृढ गर्दै समान प्रभाव हासिल गर्ने हाम्रो लक्ष्य छ," उहाँले भन्नुभयो ।

नेपालले यी चरनभूमिको प्राकृतिक तथा सांस्कृतिक अखण्डताको संरक्षणलाई उच्च प्राथमिकता दिएको छ । दूरदर्शी नीतिहरूले सह-व्यवस्थापनका लागि अनुकूल वातावरण सिर्जना गरेका छन् । जसमा आदिवासी तथा स्थानीय समुदायको सार्थक सहभागिता सुनिश्चित गरिएको छ । तथापि, दुर्गमता, सीमित स्रोतसाधन तथा व्यवस्थापनसम्बन्धी अस्पष्ट जिम्मेवारीजस्ता व्यावहारिक चुनौतीहरूले प्रभावकारी संरक्षणमा अझै अवरोध सिर्जना गरिरहेका छन् ।

डब्लुडब्लुएफ नेपालले वन तथा वातावरण मन्त्रालयअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र स्थानीय समुदायसँग सहकार्य गर्दै से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा समग्र संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । जहाँ हिउँ चितुवालाई प्रमुख वन्यजन्तुको रूपमा लिइएको छ ।

संरक्षणको दिगोपन सरोकार भएका निकायको सक्रिय सहभागिता र जिम्मेवारीमा निर्भर हुने भएकाले यी प्रयासहरूले प्रकृति र मानव कल्याणबिचको सकारात्मक सम्बन्धलाई मजबुत बनाउँदै सहअस्तित्व प्रवर्द्धनलाई प्राथमिकता दिएका छन् । वन्यजन्तुसँगको द्वन्द्व व्यवस्थापन, जीविकोपार्जन विविधिकरण, शिक्षा तथा स्वच्छ ऊर्जामा पहुँच विस्तार यसका प्रमुख प्राथमिकता हुन् ।

"चरनभूमि व्यवस्थापनमा समुदायको सहभागिता र परम्परागत ज्ञानको एकीकरण नेपाल सरकारको प्राथमिक रणनीति हो । यस महत्त्वपूर्ण परियोजनामा योगदान पुर्‍याउने दातृ निकाय र साझेदारलाई विभाग धन्यवाद दिन चाहन्छ," राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. बुद्धिसागर पौडेलले भन्नुभयो ।

यो संयुक्त अधिराज्यद्वारा वित्तपोषित परियोजनाले हालसम्मका प्रयासलाई आधार मानेर चरनभूमि तथा तिनबाट प्राप्त हुने मूर्त अमूर्त सेवालाई दीर्घकालीन रूपमा सुरक्षित गर्दै मानव कल्याणमा योगदान पुर्‍याउने लक्ष्य राखेको उहाँले बताउनुभयो ।

विभाग र से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जको नेतृत्व तथा से-फोक्सुन्डो गाउँपालिकाको मार्गदर्शनमा सञ्चालन हुने यस परियोजनाले नेपालको उच्च हिमाली चरनभूमिका लागि पुनरावृत्ति गर्न सकिने प्रभावकारी शासन ढाँचा विकास गर्ने लक्ष्य राखेको छ ।

परियोजना क्षेत्रका चरनभूमिले बुद्ध र मुक्पोरङ मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका ६५० भन्दा बढी परिवारलाई सहयोग पुर्‍याइरहेको छ । जहाँ समुदाय जीविकोपार्जनका लागि पशुपालन, गैरकाठ वन उपज तथा परम्परागत औषधिमा निर्भर छन् ।

नेपाल सरकारका नीति, परम्परागत ज्ञान र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासको मार्गदर्शनमा यस परियोजनाले स्थानीय समुदायका सदस्य-विशेषगरी युवा, महिला र गोठालालाई सशक्त बनाउने बताइएको छ । जसले मध्यवर्ती क्षेत्र प्रयोगकर्ता समितिका चरनभूमि व्यवस्थापन उपसमितिमा सक्रिय भूमिका निर्वाह गर्नेछन् ।

"यो परियोजना 'डर्विन इनिसिएटिभ' मार्फत संयुक्त अधिराज्यको सहयोगले स्थानीय नेतृत्व सुदृढ गर्दै मानव र प्रकृतिलाई समान रूपमा लाभ पुर्‍याउने उत्कृष्ट उदाहरण हो । धार्मिक अगुवा र समुदायस्तरीय चरनभूमि समितिसँग सहकार्य गर्दै हामी बुद्धले लामो समयदेखि सिकाउँदै आएको एउटा सरल सत्यलाई स्वीकार गर्छौं । मानव र प्राकृतिक संसारको कल्याण आपसमा गहिरो रूपमा सम्बन्धित छन्," नेपालका लागि संयुक्त अधिराज्यका राजदूत रोब फेनले भन्नुभयो ।

डब्लुडब्लुएफ नेपाल बाहेक यस परियोजनाका साझेदार संस्थामा 'दिगो कृषि र जैविक स्रोतका लागि एसियाली सञ्जाल' (एन्साब) नेपाल र सोवा रिग्पा एसोसिएसन अफ नेपाल (एसआरएएन) रहेका छन् । 'एन्साब' नेपालले गैरकाठ वन उपजको दिगो सङ्कलन, मूल्य अभिवृद्धि तथा बजार पहुँचमा सहयोग गर्नेछ भने 'एसआरएएन' ले बौद्ध परम्परामा आधारित सोवा रिग्पा ( उपचारको विज्ञान) को संरक्षण र समसामयिक सन्दर्भअनुसार सुदृढीकरणमा योगदान पुर्‍याउनेछ ।

परम्परागत ज्ञान प्रणालीको संरक्षण र सुदृढीकरणका लागि चरनभूमि व्यवस्थापन उपसमितिहरूको नेतृत्व धार्मिक अगुवा तथा परम्परागत चिकित्सक 'अम्ची' हरूले गर्नेछन् । साथै, अम्चीहरूलाई कानुनी तथा दिगो औषधिजन्य सामग्री प्रयोगतर्फ रूपान्तरण गर्न सहयोग गरिने से फोक्सुन्डो राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत नुरेन्द्र अर्यालले जानकारी दिनुभयो । "जसले लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिमा निर्भरता घटाउँदै परम्परागत 'सोवा रिग्पा' उपचार पद्धतिको मौलिकता संरक्षण गर्नेछ," उहाँले भन्नुभयो ।

***रासस***

# काठमाडौँमा प्रतिनिधिसभा निर्वाचनको समीक्षा

काठमाडौँ, ८ चैत । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा प्रतिनिधिसभा निर्वाचन २०८२ बारे जिल्लाका कार्यकर्ताहरूमाझ शनिबार समीक्षा गरियो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले विगतमा सदन र सडकबाट देश र जनताको नि:स्वार्थ सेवा गरेको उल्लेख गर्दै सरकारको जनविरोधी क्रियाकलापको विरोध गर्ने बताउनुभयो ।

नेमकिपाले निर्वाचनलाई उपयोग बहुसङ्ख्यक जनतालाई राजनैतिक शिक्षा दिने गरेको विचार व्यक्त गर्दै उहाँले नेमकिपालाई कसैले पनि औँला उठाउन दिएको छैन, न त हामीले जनताको अहित हुने काम नै गरेका छौँ भन्नुभयो ।



उहाँले भन्नुभयो, "३५ वर्ष राज गरेका शासक दलहरूको कमी कमजोरीले देशमा अराजकता निम्तिएको हो । देशमा भएको हस्तक्षेप कहिल्यै स्वीकार्नु हुँदैन । हामी शत्रुसामु कहिल्यै झुक्ने छैनौँ ।"

नेमकिपाका केन्द्रीय सदस्य सनकमान महर्जनले देशलाई युक्रेन बनाउने जालविरुद्ध नेमकिपा सङ्घर्षरत छ भन्नुभयो ।

केन्द्रीय सदस्य राजवीर डंगोलले जनताको नि:स्वार्थ सेवा गरेसम्म नेमकिपा पराजित नहुने उल्लेख गर्दै देशमा पुरानो घोडाको ठाउँमा नयाँ बलियो घोडाको प्रयोग भएकोमा जनता चनाखो हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला अध्यक्ष नारायण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा काठमाडौँका दसवटै क्षेत्रका उम्मेदवारहरूले निर्वाचनको समीक्षा गर्दै आ-आफ्नो अनुभव सुनाउनुभएको थियो ।

कार्यक्रममा जिल्ला सचिव शैलेश डंगोलले पनि बोल्नुभएको थियो ।

# निर्वाचनबारे संवाद ४

✍ आयसाश्री

***(खड्काजी र थापाजी फरक पालिकाका भए पनि दुवै एउटै कलेजमा पढ्छन् । कलेजको चिया पसलमा दुई जनाबिच फागुन २१ गतेको चुनावबारे छलफल हुन्छ ।)***

**खड्काजी** : सरकारमा पुगेका सबै पार्टीहरू विदेशी एजेन्टमात्र किन भए ?

**थापाजी** : संरा अमेरिकी सरकारले आईआरआई र एनईडी नामका गैरसरकारी संस्थामार्फत नयाँ पार्टीको हवाला दिई नेपालीलाई चुनाव जिताएर नेपालको सरकार पनि कब्जा गर्दै छ । यो यथार्थ नेपालका नयाँ पुस्ता र उनीहरूलाई पढाउने शिक्षक प्राध्यापकसमेतले नबुझेको आश्चर्य हो ।

**खड्काजी** : यसलाई कसरी पुष्टि गर्न सकिएला ?

**थापाजी** : संरा अमेरिकी सरकार र पश्चिमाको सम्बन्धमा पुगेका धेरै व्यक्ति अहिले नयाँ पार्टीका सांसद भएको एकपछि अर्को प्रमाण बाहिरिँदै छ । अमेरिकी प्रशासनबाट परिचालित भएकाहरू चुनावमा जित्नु नेपालका बुद्धिजीवी र प्रशासनिक उच्च ओहदाका जिम्मेवार व्यक्तिहरूको दोष हो ।

**खड्काजी** : के पुराना शासक पार्टीका कार्यकर्ताहरू नयाँ पार्टीमा गएर चुनाव जितेका छन् ?

**थापाजी** : तिहुन चखुवाहरूले राजनीतिलाई यता मीठो कि उता मीठो बनाएको यसपालि झन् पुष्टि भयो । आमसञ्चारमा आएअनुसार नयाँ पार्टीबाट सांसद भएकाहरूमध्ये नेकाका ६८, एमालेका २२, माओवादीका १६ र राप्रपाका २ जना छन् ।

**खड्काजी** : गर्मी सुरु भएपछि झुल राख्नु परेजस्तै यो सरकारसँगै जनता त्राहिमाम हुनुपर्ने किन ?

**थापाजी** : बेलायती उपनिवेशवादले तिब्बत आक्रमण गर्न नेपालीलाई जासुस बनाएको थियो । अहिले अमेरिकी ट्रम्प प्रशासनले चीनलाई अप्ठेरो पार्न नेपालमा अमेरिकी सैनिक अखडा बनाउने र नेपाली सेनालाई चीनविरुद्ध लड्न पठाउने खतरा बढ्यो ।

**खड्काजी** : चुनावको बेला विदेशबाट छोराछोरीको फोन दबाबमा र यहाँ चलाइएको लहरमा मत हालेको त देशै नरहने अवस्था भयो ?

**थापाजी** : यसमा आजसम्म सरकारमा गएका पार्टीका अधिकांश नेताहरू विदेशीको एजेन्ट भएको यथार्थ नयाँ पुस्तालाई नबताउने बुद्धिजीवीहरू नै दोषी हुन् ।

*२०८२ चैत ८ गते*

# सुडानको डार्फर अस्पताल आक्रमणमा ६४ को मृत्यु

कायरो, ८ चैत (एपी) । युद्धग्रस्त सुडानमा स्वास्थ्य संरचनामाथिको आक्रमण थप भयावह बन्दै गएको छ । यहाँ पश्चिमी डार्फर क्षेत्रको एक अस्पतालमा गरिएको प्रहारमा कम्तीमा ६४ जनाको ज्यान गएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । मृतकमध्ये १३ जना बालबालिका रहेका छन्, जसले द्वन्द्वको मानवीय मूल्य अझ गम्भीर बनाएको छ ।

विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस गेब्रेयससका अनुसार गत शुक्रबार पूर्वी डार्फरको अल डेइन शिक्षण अस्पतालमा भएको आक्रमणमा कम्तीमा ८९ जना घाइते भएका छन् । आक्रमणपछि अस्पताल पूर्ण रूपमा निष्क्रिय बनेको छ, जसले घाइते र बिरामीहरूको उपचारमा गम्भीर सङ्कट सिर्जना गरेको छ ।

सुडान सन् २०२३ अप्रिलदेखि गम्भीर द्वन्द्वमा फसेको छ । यस मुलुकमा नियमित सेना र अर्धसैनिक द्रुत समर्थन बलबिचको शक्ति सङ्घर्ष व्यापक युद्धमा परिणत भएको छ । यही द्वन्द्वकै क्रममा नागरिक पूर्वाधार, विशेषगरी स्वास्थ्य संस्थाहरू बारम्बार निशानामा पर्दै आएका छन् ।

अस्पतालमा भएको यस पछिल्लो आक्रमणका विषयमा दुवै पक्षले एकअर्कामाथि आरोप-प्रत्यारोप गरेका छन् । द्रुत समर्थन बलले उक्त आक्रमण सेनाबाट भएको दाबी गरेको छ भने सेनाले अस्पतालमा आक्रमण गरिएको अस्वीकार गरेको छ । यद्यपि, दुई जना सैन्य अधिकारीहरूले भने नजिकै रहेको प्रहरी चौकीलाई लक्षित गरिएको आक्रमण भएको बताएका छन् । उनीहरूले आफ्नो नाम सार्वजनिक नगर्ने सर्तमा यसबारे जानकारी दिएका हुन् ।

संयुक्त राष्ट्रसङ्घका तथ्याङ्कअनुसार हालसम्मको युद्धमा ४० हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ, तर विभिन्न सहायता संस्थाहरूले वास्तविक सङ्ख्या अझ धेरै हुन सक्ने बताएका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार युद्ध सुरु भएयता स्वास्थ्य संस्थामाथि भएका आक्रमणमा मात्र दुई हजारभन्दा बढी मानिसको ज्यान गएको छ ।

यसै सन्दर्भमा टेड्रोस गेब्रेयससले सुडानमा भइरहेको हिंसात्मक द्वन्द्व तत्काल कम गर्न आग्रह गर्नुभएको छ । उहाँले 'अब पर्याप्त रगत बगिसकेको छ, पर्याप्त पीडा भोगिएको छ, अब द्वन्द्व कम गर्ने समय आएको छ' भन्दै अन्तर्राष्ट्रिय समुदायलाई गम्भीर ध्यान दिन आह्वान गर्नुभयो ।

# वडा नं. ९ मा मतदाताहरूलाई धन्यवाद

भक्तपुर, ८ चैत । नेपाल क्रान्तिकारी महिला सङ्घ भनपा ९ नं वडा समितिको आयोजनामा आइतबार स्थानीय महिलाहरूको भेला गरी निर्वाचनको समीक्षा तथा मतदाताहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा मादल चिह्नमा मतदान गर्ने सबैलाई नेपाल मजदुर किसान पार्टीको तर्फबाट धन्यवाद ज्ञापन गरियो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य तथा वडाध्यक्ष रवीन्द्र ज्याख्वले निर्वाचन पनि वर्गसङ्घर्षको थलो भएको उल्लेख गर्दै दिदीबहिनीहरूले मादलमा मतदानको लागि आह्वान गर्दै घरदैलो जाने क्रममा पार्टीको विचार जनतामाझ पुऱ्याउने तथा जनताबाट पनि पार्टी कार्यकर्ताहरूलाई रचनात्मक सुझाव सङ्कलन भएको बताउनुभयो । उहाँले निर्वाचनको नतिजाले कार्यकर्ताहरूलाई थप सङ्घर्षशील बन्न र जनताबिच पुग्न सन्देश दिएको उहाँको भनाइ थियो ।

देश र जनताको इमान्दारीपूर्वक सेवा गर्नुबाहेक नेमकिपाको अर्को उद्देश्य नभएको प्रस्ट पार्दै उहाँले अबको सरकारले देशघाती र जनविरोधी कार्य गरेमा देशभक्त र न्यायप्रेमी जनताको साथमा सडक सङ्घर्ष गर्ने बताउनुभयो ।

नेमकिपा ९ नं. वडा समितिका अध्यक्ष कृष्णभक्त लवजुले निर्वाचनमा हारजीत स्वाभाविक भएको चर्चा गर्दै पार्टीका कार्यकर्ताहरू जनताको आर्थिक, सामाजिक र राजनैतिक परिवर्तनका लागि निरन्तर सङ्घर्षरत रहने बताउनुभयो ।

नेक्रामसङ्घ तुमचो दुगुरे एकाइ समितिका अध्यक्ष छोरीमैया सुजखूले निर्वाचनको समयमा महिला दिदीबहिनीहरूले महत्त्वपूर्ण योगदान गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो भने सूर्यमढी एकाइ समितिका अध्यक्ष सविना प्रजापतिले सिन्धुलीमा निर्वाचन प्रचारको क्रममा स्थानीय जनताले मादलप्रति आत्मीयता प्रदर्शन गरेको अनुभव सुनाउनुभयो ।

स्थानीय महिलाहरू मैया कासुला, विश्वलक्ष्मी ज्याख्व, सुनिता प्रजापतिलगायतले भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पताललाई अझ जनमुखी बनाई स्वास्थ्य उपचार सेवालाई प्रभावकारी बनाउन रचनात्मक सुझाव दिनुभयो ।

# दैलेखमा नारायण नपाका मतदाताहरूसँग भेटघाट

दैलेख, ८ चैत । नेपाल मजदुर किसान पार्टी दैलेखले आइतबार नारायण नगरपालिकाका मतदाताहरूसँग भेटघाट गरी धन्यवाद कार्यक्रमको आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा नेमकिपा जिल्ला समिति दैलेखका अध्यक्ष जगत वलीले नेमकिपाले निर्वाचनलाई जनताको राजनीतिक चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा उपयोग गरेको चर्चा गर्दै मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

देश र जनताको पक्षमा नेमकिपा सङ्घर्षरत रहेको उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेमकिपाका रतनबहादुर श्रेष्ठ, कलबहादुर सिजापतिलगायतले बोल्नुभएको थियो ।

भेलाले ५ सदस्यीय नगर समिति गठन गरेको थियो ।

यसैबिच नेमकिपा जिल्ला समिति दैलेखको आयोजनामा चैत ६ गते प्रतिनिधिसभाको निर्वाचनबारे समीक्षा तथा मतदाताहरूलाई धन्यवाद कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य केशेन्द्रप्रकाश कार्कीले पार्टीले निर्वाचनलाई राजनीतिक चेतना जगाउने विश्वविद्यालयको रूपमा लिएको बताउनुभयो ।

प्रजातन्त्र पुन:स्थापना यता पालैपालो सरकारमा गएका पार्टीहरूकै कारण देश सङ्कटमा परेको उल्लेख गर्दै उहाँले नेमकिपाको उद्देश्य भनेको कामदार जनताको राज्यसत्ता समाजवादी व्यवस्था स्थापना गर्नु हो भन्नुभयो ।

पार्टीका जिल्ला अध्यक्ष जगत वलीले कामदार जनतालाई शासन सत्तामा पुऱ्याउन व्यापक रूपमा सचेत र सङ्गठित गर्नुपर्ने आवश्यकता औँल्याउँदै निर्वाचनलाई उपयोग गरेको चर्चा गर्नुभयो ।

पुँजीवादी निर्वाचनबाट समाजवाद नआउने उल्लेख गर्दै उहाँले नेमकिपाको चुनाव चिह्न मादलमा मतदान गर्ने मतदाताहरूलाई धन्यवाद दिनुभयो ।

कार्यक्रममा पार्टीका जिल्ला सल्लाहकार बमबहादुर सिंह, महाबु गाउँपालिका समिति संयोजक दुर्ग थापा, भगीराम थापा र गीता थापाले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# इँटाभट्टाको पर्खाल भत्किएर महिला मजदुरको मृत्यु

ललितपुर, ८ चैत । ललितपुरको हरिसिद्धीमा इँटाभट्टाको पर्खाल भत्किएर एक महिला मजदुरको मृत्यु भएको छ । ललितपुर महानगरपालिका-२८ हरिसिद्धीस्थित होसना इँटाभट्टामा आज इँटाभट्टाको पर्खाल भत्किँदा पर्खालले थिचिएर भट्टामै काम गर्ने रुकुम घर भएकी ५५ वर्षीया तिल्सरी खड्काको मृत्यु भएको हो । पर्खाल भत्किएर गम्भीर घाइते खड्काको ठैंबस्थित मेडिसिटी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरी नायब उपरीक्षक पूर्णिमाकुमारी चन्दले जानकारी दिनुभयो ।

उक्त घटनामा चार जना घाइते भएका छन् । घाइते हुनेहरूमा रुकुम घर भई सोही इँटाभट्टामा काम गर्ने २७ वर्षीया जानकी चन्द, सल्यानकी २७ वर्षीया शान्ति कुँवर, रोल्पाकी ४६ वर्षीया नन्दकुमारी मगर र दाङकी १९ वर्षीया सुमा कुमाल छन् । गम्भीर घाइते चन्दलाई थप उपचारका लागि मोडल अस्पताल लगिएको प्रहरी नायब उपरीक्षक चन्दले बताउनुभयो । रासस

***ख्वप...***

पूरा गर्नु अथवा सरोकारवाला पक्षलाई सन्तुष्ट बनाउनु नै एक प्रकारको गुणस्तर भएकोले सम्बद्ध पक्षले सरोकारवालाको आकाङ्क्षा पूरा गर्नेतर्फ लाग्न जरुरी भएको बताउनुभयो ।

उहाँले गुणस्तरीयताको प्रमाणपत्र भनसुनका आधारमा नभई कामको नतिजाको आधारमा प्राप्त गर्न सुझाव दिनुभयो ।

भक्तपुर नगरपालिकाले कलेजहरू सञ्चालन गरिरहेको नौलो र प्रशंसनीय कदम भएको उल्लेख गर्दै ख्वप कलेजहरू दक्षिण एसियाकै उदाहरणीय कलेज बन्न सक्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले स्वागत गर्नुभएको उक्त कार्यक्रममा कलेजले तयार गरेको स्वअध्ययन प्रतिवेदन उपप्राचार्य डा. राजेशकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो ।


ख्वप कलेजले दिएको जानकारीअनुसार समकक्षी परीक्षण टोलीले चैत १० गतेसम्म परीक्षण गर्नेछ ।

**पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।**

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म २०३७/०३/०८ — निधन २०८२/१२/०१

स्थानीय जनतामा खानेपानीको राहत पुऱ्याउन घाम पानी र दिन रात नभनी निरन्तर खटिएका समाजसेवी एवं यस सिपाडोल बृहत् खानेपानी तथा सर सफाइ उपभोक्ता समितिका पूर्वसदस्य तथा हाम्रा हितैषी मित्र **पुण्यराम कवाँ**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**सिपाडोल बृहत् खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, उपसमिति-१, जगातीका साथीहरू**

| | |
|---|---|
| तुल्सीनारायण लाखेमरु | श्यामलाल श्रेष्ठ |
| सिद्धिराम त्यात | सुमित्रा राजचल |
| शिवनारायण ग्वाछा | उमादेवी ब्यान्जु |
| आसकुमार मचामसी | सेतबहादुर तामाङ |
| हरिकृष्ण खाइतु | तुल्सीदेवी जाकिबन्जार |
| इन्द्रभक्त सुवाल | हरिकृष्ण त्यात |
| सुमित्रा श्रेष्ठ | चन्दन ग्वाछा |
| लक्ष्मीनारायण खायमली | |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा